

विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



वर्ष : २५ ★ अङ्क : ३४३ ★ ने. सं. ११४४ थिल्ला गा, पञ्चमी ★ सोमबार ★ १६ पुस, २०८० ★ January 1, 2024, Monday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


## चीनका राष्ट्राध्यक्ष सी चिनफिङद्वारा नयाँ वर्ष सन् २०२४ को शुभकामना सन्देश




पेइचिङ, ३१ डिसेम्बर । नयाँ वर्ष सन् २०२४ को पूर्वसन्ध्यामा चीनका राष्ट्राध्यक्ष सी चिनफिङले चाइना मिडिया ग्रुप र इन्टरनेटमार्फत शुभकामना दिनुभएको छ । उहाँको शुभकामनाको पूर्ण विवरण यसप्रकार छ ।

कमरेड, साथीहरू,
महिला र सज्जनवृन्दहरू !

सबैलाई नमस्कार । शीतकालीन क्रान्तिपछि वसन्त आउँछ भने हरेक वर्ष यस्तो नियमितरूपमा बदलिन्छ । पुरानोलाई बिदा गरी नयाँ वर्षको स्वागत गर्ने यस सुअवसरमा मैले पेइचिङबाट सबैलाई नव वर्षको शुभकामना व्यक्त गर्छु ।

सन् २०२३ मा हामीले अथक प्रयास गरेका छौँ भने आँधीमय वर्षाको सामना गर्नुका साथै सुन्दर दृश्य पनि देखेका छौँ र भारी उपलब्धि हासिल गरेका छौँ । सबैले यस वर्षको कठिनाइबारे अनुभव गरेका छौँ साथै भविष्यमाथि पूर्ण विश्वास पनि राखेका छौँ ।

यस वर्ष हामी दृढ पाइलामा हिँडेका छौँ । महामारी रोकथाम र नियन्त्रण अवस्था स्थिर भएको छ, चीनको अर्थतन्त्र लगातार उत्तरोत्तर गतिमा छ, उच्च गुणस्तरीय विकास दृढताका साथ अघि बढेको छ । आधुनिकीकरण औद्योगिक प्रणाली अझ स्वस्थ छ, अनेक उच्च, बुद्धिमान्, हरित नयाँ खालका नमुना उद्योग तीव्र गतिमा उदय भएका छन् । अन्नबाली उत्पादन लगातार बीस वर्षसम्म वृद्धि हुँदै आएको छ, स्वच्छ पानी र हरियो पहाड विकासका ठुला प्रगति भएका छन्, ग्रामीण पुनःउत्थानको नयाँ अवस्था देखिएको छ । उत्तर पूर्व चीनमा व्यापक पुनःउत्थानको नयाँ पृष्ठ खोलिएको छ, स्युङआन नयाँ क्षेत्रमा विकासको छलाङ भएको छ, याङसी नदी आर्थिक बेल्टमा जीवित शक्ति देखिन्छ, क्वाङचौ-हङकङ-मकाउ खाडी क्षेत्र अग्ररूपमा अघि सरेको छ । आँधी र लहरमा परेर चीनको अर्थतन्त्र अझै सशक्त बनेको छ ।

यस वर्ष हामी शक्तिशाली पाइलामा हिँडेका छौँ । लामो समयसम्मको प्रयास गरी चीनको नवीन सिर्जना र विकासको शक्ति धेरै बढेको छ । सी ९१९ ठुलो विमान व्यावसायिक उडान सञ्चालनमा आएको छ, स्वयं उत्पादित क्रुज पानीजहाजको परीक्षण सञ्चालन भएको छ, शनचौ परिवार स्पेसमा रिले भएको छ, 'फनतौच' नम्बर एकदम गहिरो समुद्रमा पुगेको छ । चिनियाँ ब्राण्डले व्यापक स्वागत पाएको छ, चीनमा उत्पादित नयाँ स्मार्टफोन निकै लोकप्रिय छन्, नयाँ ऊर्जाका गाडी, लिथियम ब्याट्री, फोटो भोल्टाइक उत्पादित वस्तुले मेड इन चाइनालाई नयाँ उज्यालो थपेका छन् । चीनले अथक प्रयासको भावना लिएर प्रगति गरेको छ, जताततै दिनदिनै प्रगति सिर्जना भएको देखिन्छ ।

यस वर्ष हामी जीवन्त पाइलामा हिँडेका छौँ । छङतु विश्वविद्यालय खेलकुद, हाङचौ एसियाली खेलकुद भव्यताका साथ सम्पन्न हुँदै खेलाडीले राम्रो उपलब्धि हासिल गरेका छन् । बिदा अवधिमा पर्यटक थुप्रै देखिन्छन्, चलचित्र तथा मनोरञ्जन बजार उकालिँदै छ, ग्रामीण फूटबल प्रतियोगिता र ग्रामीण गाला निकै लोकप्रिय छन् । कम कार्बन जीवन क्रमशः नियमित बनेको छ र न्यानो जीवन तथा पुनःउत्थान व्यस्त अवस्थाबाट असल जीवनबारे मानिसका इच्छाको व्याख्या गरिएको छ । साथै एउटा जीवित तथा न्यानो चीन पनि देखाइएको छ ।

यस वर्ष हामी आत्मविश्वासको पाइलामा हिँडेका छौँ । चीन महान् मुलुक हो । जसले सभ्यताको उत्तराधिकार गरिरहेको छ । यस भूमिमा उत्तरी क्षेत्रको मरूभूमि र पानी परिरहेको दक्षिण चीनले सबैको मन तानिरहेको छ । बगिरहेको पहेँलो नदी र याङसी नदीले सबैलाई गौरवबोध दिइरहेका छन् । ल्याङचु, अरलिथौ भग्नावशेष सभ्यताको आरम्भबिन्दु, यिनस्यु भग्नावशेषको ओरेकल अक्षर उत्तराधिकार, सानसिनङत्वी भग्नावशेषको सांस्कृतिक सम्पदा, चिनियाँ राष्ट्रिय प्रकाशन तथा संस्कृति सङ्ग्रहालय चीनको इतिहास कति लामो छ, सभ्यता कति विशाल छ, यी हाम्रो आत्मविश्वासका आधार र शक्तिका स्रोत हुन् ।

चीनले आफूलाई विकास गर्नका साथै विश्वलाई सक्रियताका साथ अँगालो मारेर ठुलो मुलुकको जिम्मेवारी लिएको छ । हामीले चीन-मध्य एसिया शिखर सम्मेलन, तेस्रो बेल्ट एन्ड रोड अन्तर्राष्ट्रिय सहयोग शिखर मञ्चसमेत अनेक कूटनीतिक कार्यक्रमलाई सफलताका साथ आयोजना गरेका छौँ र विश्वका विभिन्न क्षेत्रका मित्रलाई स्वागत गरेका छौँ । मैले केही मुलुकको भ्रमण गरी केही अन्तर्राष्ट्रिय सम्मेलनमा उपस्थित भएर धेरै पुराना साथी र नयाँ साझेदारसँग भेट गरी चीनको अडानलाई राख्नुका साथै एकअर्कामा सहमतिलाई गहन पारेको छु । विश्व स्थिति जसरी परिवर्तन भए पनि शान्ति विकास प्रमुख लयमा बगिरहन्छ भने सहयोगबाट साझा फाइदा नै अकाट्य तथ्य कायम रहन्छ ।

हामी हिँडेको बाटोमा आँधी र वर्षा हुनु साधारण अवस्था हो । केही उद्यम समक्ष व्यापारिक दबाब देखियो, केही सर्वसाधारणले रोजगारी र जीवनको कठिनाइ सामना गर्नुपरेको छ, केही ठाउँमा बाढी, हुरी, भूकम्पलगायत प्राकृतिक प्रकोपको सामना गर्नुपरेको छ, ती सबै कुरा मेरो मनमा छन् । आँधी र वर्षासँग कोही पनि नडराउने, आपसमा सहयोग गर्ने, चुनौतीलाई प्रत्यक्ष सामना गर्ने, कठिनाइ जित्ने कार्यले मेरो मनलाई निकै छोएको छ । मेहनती किसान, परिश्रमी मजदुर, साहसी उद्यमी, मुलुकको सुरक्षा गर्ने सैनिकसमेत विभिन्न काम गर्ने मानिसले अथक प्रयास गरिरहेका छन् भने हरेक साधारण मानिसले असाधारण योगदान दिएका छन् । हामीले सबै कठिनाइलाई जित्ने सबभन्दा ठूलो आधार नै जनता हुन् ।

आगामी वर्ष नयाँ चीन स्थापना भएको ७५ औँ वार्षिकोत्सव हो । हामीले चिनियाँ शैलीको आधुनिकीकरणलाई


**बाँकी पृष्ठ २ मा**


## प्रजग कोरियाली नेता किमद्वारा सेनालाई सम्भावित 'युद्ध' को तयारी गर्न निर्देशन




सियोल, १५ पुस (एएफपी) । प्रजग कोरियाको राष्ट्रिय मामिला आयोगका अध्यक्ष मार्सल किम जोङ उनले सियोलमा आणविक आक्रमणको नयाँ धम्की र प्रायःद्वीपमा 'कुनै पनि बेला भड्किन सक्ने' युद्धको तयारीका लागि सैन्य शस्त्रागार निर्माण गर्न आदेश दिएर वर्षको अन्त्य गरेको प्रजग कोरियाली सञ्चारमाध्यमहरूले आइतबार जनाएका छन् ।

नेता किमले सन् २०२४ को लागि आफ्नो देशको सैन्य, राजनीतिक र आर्थिक नीतिगत निर्णयको लागि तय गरिएको पाँच दिनको पार्टी बैठकको अन्त्यमा लामो भाषणको क्रममा संयुक्त राज्य अमेरिकाको आलोचना गर्नुभएको थियो ।

बैठकले आगामी वर्षमा थप तीन वटा जासुसी उपग्रह प्रक्षेपण गर्ने, मानवरहित ड्रोन निर्माण गर्ने र इलेक्ट्रोनिक युद्ध क्षमता विकास गर्ने, साथै आणविक र क्षेप्यास्त्र बललाई सुदृढ पार्नेलगायत थप सैन्य विकासको योजना घोषणा गरेको 'कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए)' ले जनाएको छ ।

प्योङयाङले यसै वर्ष सफलतापूर्वक टोही उपग्रह प्रक्षेपण गरी आफ्नो संविधानमा आणविक शक्तिको रूपमा आफ्नो स्थान स्थापित गरेको घोषणा गरेको छ । प्रजग कोरियाले आफ्नो शस्त्रागारमा सबैभन्दा उन्नत अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल (आईसीबीएम) को परीक्षण गरेको छ ।

केसीएनएका अनुसार शनिबार सम्पन्न बैठकमा किमले संयुक्त राज्य अमेरिका 'विभिन्न प्रकारका सैन्य खतरा' खडा गरेको आरोप लगाउनुभएको थियो र आफ्नो सेनालाई 'युद्ध प्रतिक्रियाका लागि अत्यधिक क्षमता' कायम राख्न आदेश दिनुभएको थियो ।

किमले भन्नुभयो, "कोरियाली प्रायःद्वीपमा शत्रुहरूले हामीमाथि आक्रमण गर्न दुस्साहसी कदम चालेका कारण कुनै पनि बेला युद्ध भड्किन सक्छ भन्ने कुराको पुष्टि हो ।"

प्योङयाङलाई रोक्नका लागि वासिङ्टनले यसै महिनाको सुरुमा दक्षिण कोरियाको बन्दरगाह सहर बुसानमा आणविक शक्तिसम्पन्न पनडुब्बी तैनाथ गर्नुका साथै सियोल र टोकियोसँगको अभ्यासमा लामो दूरीका बमवर्षक विमान उडाएको थियो ।

यसअघि प्रजग कोरियाले कोरियाली प्रायःद्वीपमा संयुक्त अभ्यासमा वासिङ्टनका बी-५२ बमवर्षकजस्ता रणनीतिक हतियार तैनाथ गर्नुलाई 'जानाजानी आणविक युद्ध उत्तेजक कदम' को संज्ञा दिएको थियो ।

किमले भन्नुभयो, "हामीले सम्भावित आणविक सङ्कटको शीघ्र जवाफ दिनुपर्छ र आपत्कालीन अवस्थामा आणविक शक्तिलगायत सबै भौतिक साधन र शक्ति परिचालन गरेर दक्षिण कोरियाको सम्पूर्ण भूभागलाई शान्त पार्ने तयारीलाई तीव्रता दिनुपर्छ ।

बैठकमा किमले दक्षिण कोरियासँग अब मेलमिलाप र पुनः मिलनको प्रयास नगर्ने बताउँदै सियोल र वासिङ्टनका कारण उत्पन्न 'अनियन्त्रित सङ्कटको स्थिति' रहेको बताउनुभएको थियो ।

प्योङयाङको जासुसी भू-उपग्रह प्रक्षेपणसँगै अन्तरकोरियाली सम्बन्ध यस वर्ष निकै बिग्रिएको छ, जसका कारण सियोलले सन् २०१८ मा भएको सैन्य सम्झौतालाई आंशिकरूपमा स्थगन गरेको छ ।

"मलाई विश्वास छ कि यो एक गल्ती हो जुन हामीले अब हामीलाई 'मुख्य शत्रु' को रूपमा घोषणा गर्ने शक्तिलाई मेलमिलाप र एकीकरणका लागि समकक्षीको रूपमा सोचेको थियो," नेता किमलाई उद्धृत गर्दै केसीएनएले भनेको छ ।

किमले सीमापार मामिला हेर्ने विभागहरूको पुनः गठनका लागि 'आधारभूतरूपमा दिशा परिवर्तन गर्न' उपायहरू कोर्न आदेश दिनुभयो ।

सियोलस्थित इवा विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक लीफ इस्लेले प्रजग कोरियाको महत्त्वपूर्ण सैन्य क्षमतामा जोड दिइएको बताउनुभयो ।


**बाँकी पृष्ठ ८ मा**


### कार्टुन



# सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको प्रतिवेदनबारे अन्तरक्रिया



भक्तपुर, १५ पुस । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घको सहकारी समन्वय उपसमितिको आयोजनामा सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को प्रतिवेदन विषयक अन्तरक्रिया तथा सहकारी ऐन परिमार्जनको लागि सुझाव सङ्कलन कार्यक्रम बाराहीस्थानमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले कार्यदलको प्रतिवेदन अभियानको साझा सम्पत्ति भएको बताउनुभयो ।

भक्तपुर जिल्लामा तुलनात्मकरूपमा सहकारीमा कममात्र समस्या देखिनुमा बचत सङ्घको भूमिका महत्त्वपूर्ण रहेको उहाँले बताउनुभयो ।

सङ्घका अध्यक्ष कृष्णगोविन्द लाखाजुले पछिल्लो समयमा सहकारी क्षेत्रमा कतिपय बाह्य र आन्तरिक कारणले सङ्कटहरू देखिएको हुँदा यस क्षेत्रको कार्यगत, व्यवहारगत र संरचनागत सुधारको आवश्यकता महसुस गरी नेपाल सरकारले सहकारी क्षेत्र सुधार सुझाव कार्यदल २०८० गठन गरेको बताउनुभयो ।

सङ्घका उपाध्यक्ष एवं उपसमितिका संयोजक हरि बल्लले सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ले दिएको प्रतिवेदनको बारेमा जानकारी दिँदै समुदायका सहकारीको विकास र प्रवर्द्धनको लागि सुझाव सङ्कलन गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरेको बताउनुभयो ।

सङ्घका सहकारी समन्वय उपसमितिका सदस्य बलराम प्रजापतिले स्वागत मन्तव्य राख्दै नेपालको संविधान, २०७२ ले समाजवादउन्मुख अर्थतन्त्र विकासको महत्त्वपूर्ण खम्बाको रूपमा सहकारी क्षेत्रलाई लिए पनि राज्यले सहकारीका समस्याहरू समयमै प्राथमिकतामा राखी सम्बोधन गर्न नसक्दा सहकारीमा समस्या देखापरेको बताउनुभयो ।

कार्यक्रममा नेफ्स्कुनका नवनिर्वाचित अध्यक्ष चन्द्रप्रसाद ढकाललाई बढाई ज्ञापन गरिएको थियो । सङ्घका व्यवस्थापक बालकृष्ण धोजुले सहकारीको पाँचौँ सिद्धान्त शिक्षा, तालिम र सूचनाबमोमिज कार्यदलको प्रतिवेदनले सदस्य संस्थालाई सुसूचित गराएको बताउनुभयो ।

# छोलेश्वर साकोसको नवौं वार्षिक साधारणसभा सम्पन्न

भक्तपुर, १५ पुस । भक्तपुर ब्यासी कासनमा अवस्थित छोलेश्वर महादेव कृषि सहकारी संस्था लि.को नवौं वार्षिक साधारणसभा शनिबार कालीघाटमा सम्पन्न भयो । सो सभाको उद्घाटन भक्तपुर नगरपालिका वडा नं ६ का वडा अध्यक्ष हरिराम सुवालले गर्नुभयो ।

कार्यक्रममा अतिथि सुवालले भक्तपुर नगरमा नपाबाट नियमित अनुगमन गरिरहेकोले र स्थानीय दाजुभाइबाट नेतृत्व गरेका समुदाय आधारित संस्थाको बाहुल्यता भएकोले एक दुई वटा संस्थामा बाहेक अन्य संस्थामा तरलता समस्या छैन भन्नुभयो ।

ख्वप बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष राजकुमार लघुले सहकारी संस्थाको उद्देश्य प्राप्त गर्न अरूसँग मिलेर काम गर्ने संस्था रहेको उल्लेख गर्दै कालीघाट पुस्तकालयमा २ हजारभन्दा बढी पुस्तक रहेको जानकारी दिनुभयो ।

छोलेश्वर साकोसका अध्यक्ष कृष्णकुमार राजचलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शिक्षासेवी बालमुकुन्द बासुकला, विष्णुभक्त राजचल, विश्वमोहन जोशी, कानुनी सल्लाहकार प्रचण्ड प्रधान नला, जिल्ला कृषि सहकारी संस्थाका रोहित गोर्खाली, छोलेश्वर साकोसका उपाध्यक्ष श्यामकृष्ण बासुकलाले पनि शुभकामना व्यक्त गर्नुभयो ।

दोस्रो बन्द सत्रमा संस्थाका सचिव दीपक बासुकलाद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष पुण्यराम बासुकलाद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन पारित गरियो । बन्द सत्रले श्यामकृष्ण बासुकलाको नेतृत्वमा ९ सदस्यीय सञ्चालक समिति सर्वसम्मतिले निर्वाचित गऱ्यो । तुल्सीराम सुवालको नेतृत्वमा तीन सदस्यीय लेखा समिति चयन गरियो । कार्यक्रममा शेयर सदस्य जीवन जोशीले पनि साधारणसभा सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

# चोछेँ छुमा गणेश साकोसमा नेतृत्व विकास तालिम

भक्तपुर, १५ पुस । चोछेँ छुमा गणेश साकोसमा नेतृत्व विकास तालिम सिद्धि स्मृति प्रतिष्ठानको सभा हलमा शनिबार सम्पन्न भयो ।

संस्थाका अध्यक्ष डा. सत्यनारायण सुवालले तालिमको उद्घाटन गर्दै तालिमबाट प्राप्त ज्ञानले भविष्यमा एक असल नेतृत्व बन्न सक्षम हुनेछ भन्नुभयो ।

प्रशिक्षक बालकृष्ण धोजुले सहकारी व्यवसायमा सफल नेतृत्वको भूमिका, काम, कर्तव्य र अधिकारसम्बन्धी प्रशिक्षण दिनुभयो । उहाँले हाल सहकारीहरूमा भएको विकृति र विसङ्गतिका कारणबारे प्रकाश पार्नुभयो ।

प्रशिक्षक तुल्सीहरि प्रजापतिले सञ्चालकहरूको क्षमता अभिवृद्धिसम्बन्धी प्रशिक्षण दिनुभयो । उहाँले सहकारीसम्बन्धी मूल्य, मान्यता र सिद्धान्त तथा सहकारीका पदाधिकारीहरूमा हुनुपर्ने गुण र क्षमताबारे प्रकाश पार्नुभयो ।

संस्थाका अध्यक्ष डा.सुवालले प्रशिक्षकद्वयलाई कदरपत्र प्रदान गर्नुभयो ।

# ललितपुर महालक्ष्मीमा माओ दिवस

ललितपुर, १५ पुस । विश्व सर्वहारावर्गका महान् गुरु अध्यक्ष माओको १३० औँ जन्म दिवसको अवसरमा नेमकिपा महालक्ष्मी नगर समितिको आयोजनामा शनिबार महालक्ष्मी-६, सिद्धिपुरमा अन्तरक्रियात्मक कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टी वाग्मती प्रदेश समितिका सदस्य एन. महर्जनले भन्नुभयो, "अध्यक्ष माओ त्सेतुङ बहुआयामिक व्यक्तित्वका धनी हुनुहुन्थ्यो ।"

उहाँले अध्यक्ष माओको बाल्यकालको सद्भावबारे चर्चा गर्दै भन्नुभयो, "माओ बाल्यकालमा आफ्नो बिस्कुन हेर्दै गर्दाको अवस्थामा अचानक पानी पर्दा आफ्नो बिस्कुन थन्क्याउनुभन्दा छिमेकी गरिब किसानको अन्न बटुल्न सहयोग गर्नुभएको घटना चर्चित छ ।"

उहाँले भन्नुभयो, "सन् १९६० को दशकमा चीनमा ठूलो आर्थिक सङ्कट आइपऱ्यो । माओले त्यसबेला सामान्यरूपमै जीवन यापन गर्नुभयो । उहाँको कोठामा कुनै महँगा सामान थिएनन् । उहाँ पुरानै रुमाल, लुगाफाटो, जुत्ता र चप्पल प्रयोग गर्नुहुन्थ्यो । सन् १९४९ अक्टोबर १ को दिन अध्यक्ष माओ त्सेतुङले जनवादी गणतन्त्र चीनको घोषणा गर्नुभयो ।"

नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिका सदस्य महन्त महर्जनले अध्यक्ष माओले सन् १९६६ मा सञ्चालन गर्नुभएको सांस्कृतिक क्रान्तिबारे भन्नुभयो, "सांस्कृतिक क्रान्तिको सिलसिलामा अध्यक्ष माओले सहरमा पढ्ने विद्यार्थीलाई गाउँ जाऊ, देश चिन, किसान चिन, किसानबाट सिक भन्ने आह्वान गर्नुभएको थियो । विद्यार्थीहरू दिनभर किसानको खेतीपातीको काममा सघाउँथे, कामको सिलसिलामा किसानबाट विद्यार्थीहरूले व्यावहारिक कृषि ज्ञान सिक्थे । साँझ किसानहरू एक ठाउँमा भेला हुन्थे, विद्यार्थी किसानलाई लेखपढ गर्न सिकाउँथे ।"

उहाँले कम्युनिस्ट समाजको लागि मानिसलाई योग्य गर्ने, आम श्रमिक जनतामा पुराना थोत्रा प्रतिक्रियावादी संस्कारलाई हटाएर क्रान्तिकारी भावना भर्ने र उनीहरूलाई पुँजीवादी कार्यदिशाको विरोधमा सर्वहारा क्रान्तिको कार्यदिशाको निम्ति लड्ने क्रान्तिकारीको रूपमा हुर्काउने क्रान्ति नै चिनियाँ सांस्कृतिक क्रान्ति भएको बताउनुभयो ।

कर्मचारी समाजका अध्यक्ष जीपी लासिवाले भन्नुभयो, "अध्यक्ष माओले आफ्ना देशका युवाहरूलाई विदेशमा गएर सिक र आफ्नो देश तथा कामदार जनताको सेवा गर भनी सचेत गर्नुभयो । माओले चिनियाँहरूले काम गर्ने व्यक्तिको फाइदाको लागि नभई सरकार वा जनताको फाइदाको लागि हो ।"

उहाँले नेपालका माओवादी नामका कम्युनिस्ट पार्टीको बदनाम गर्न, नेपालमा समाजवादी क्रान्ति पछाडि ढकेल्न र भारतीय एकाधिकार पुँजी लाद्न सजिलो गर्न भारतले ट्रोजन हर्सको रूपमा तयार गरेको खुलस्त पार्नुभयो ।

नेपाल मजदुर किसान पार्टी महालक्ष्मीका अनिश महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा रूपना महर्जन, चन्द्रमान महर्जन, बिकी महर्जन, वीरेन्द्र महर्जन, कृष्णराज महर्जनले माओको योगदानकै कारण आज संसारमा चीनको महत्त्व बढेको, समाजवादी व्यवस्था पुँजीवादी व्यवस्थाभन्दा उत्तम रहेको, संसारका जनताले साम्राज्यवादबाट मुक्तिको बाटो पाएकोमा प्रकाश पार्नुभयो ।

# लोकेश्वरमा वित्तीय अवस्थासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

भक्तपुर, १५ पुस । लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.को १९ औँ स्थापना दिवसको अवसरमा सहकारीमा देखिएका वित्तीय अवस्थासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भनपा साबिक १५ का पूर्ववडाध्यक्ष एवं संस्थाका संस्थापक रवीन्द्र खर्बुजाले विभिन्न समाजवादी देशहरूले आर्थिक क्रान्तिको जग सहकारीमार्फत बसालेको चर्चा गर्दै नेपालको परिवेशमा पनि त्यो सम्भव भएको औँल्याउनुभयो ।

उहाँले अहिले देश झन्झन् पुँजीवादीहरूको चङ्गुलमा फस्दै गएकोमा चिन्ता व्यक्त गर्दै सबै देशभक्त जनता एकजुट भएर देश विकासमा लाग्नुपर्ने बताउनुभयो ।

संस्थाका संस्थापक अध्यक्ष एवं भनपा वडा नं. २ का वडा सदस्य श्यामसुन्दर मातांले देश सङ्घीय संरचनामा गएपछि सहकारी स्थानीय तहको मातहतमा आएकोले सोहीअनुरूप भक्तपुर नगरपालिकाले नियमित अनुगमन र नीति नियमहरू निर्माण गर्दै आएको बताउनुभयो ।

संस्थाका अध्यक्ष राजन जतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष रामसुन्दर सुवालले सदस्यहरूलाई संस्थाको वित्तीय जानकारी नियमितरूपमा दिँदै आएको विचार व्यक्त गर्नुभयो ।

संस्थाका कोषाध्यक्ष पुण्यराम स्वंगमिखाले संस्था स्थापना कालदेखिको आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सचिव राजु छुकां र प्रबन्धक प्रशान्त मानन्धरलगायतले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

संस्था स्थापना दिवसकै अवसरमा स्वास्थ्य उपसमितिको आयोजनामा रक्तदान तथा नाक, कान, घाँटीसम्बन्धी स्वास्थ्य शिविर स्थानीय इताछेँ गणेश मन्दिर परिसरमा सम्पन्न भयो ।

शिविरको औपचारिक कार्यक्रममा संस्थाका अध्यक्ष राजन जतिले संस्थाले स्थापना कालदेखि नै समुदायमा आधारित भएर विभिन्न गतिविधि गर्दै आएको बताउनुभयो ।

ख्वप अस्पतालको प्राविधिक सहयोगमा भएको नाक, कान, घाँटीसम्बन्धी निःशुल्क स्वास्थ्य शिविरमा ७६ जनाले सेवा लिए भने रेडक्रस सोसाइटी भक्तपुरको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रममा ३८ जना रक्तदाताले रक्तदान गरे । संस्थाको १९ औँ वार्षिक उत्सव कार्यक्रमकै अवसरमा यही पुस २६ गतेदेखि २८ गतेसम्म अन्तर सहकारी Girl's Single U–19 Badminton Competition–2080 कार्यक्रम हुने संस्थाले जनाएको छ ।

***चीनका...***

सुदृढताका साथ अघि सारी नयाँ विकास धारणाको पूर्ण, सही, व्यापकरूपमा पालना गर्नुपर्छ, नयाँ विकासका ढाँचालाई तीव्र पारेर उच्च गुणस्तरीय विकासलाई बढाई विकास र सुरक्षाको समन्वय गर्नुपर्छ । स्थिर भएर प्रगति हुने, प्रगति भएर स्थिर पार्नेमा अडिग रहेर आर्थिक वृद्धि हुने प्रवृत्तिलाई सुदृढ र नियमित बनाई स्थिर तथा दीर्घकालीन आर्थिक विकास गर्नुपर्छ । सुधार तथा खुलापनलाई व्यापकरूपमा गहन पारी विकासप्रतिको विश्वास बढाउने, आर्थिक जीवित शक्ति बढाउँदै शिक्षा, विज्ञान तथा प्रविधि र दक्षता विकासलाई सबल पार्नुपर्छ । आफ्नो श्रेष्ठता लिएर राष्ट्रिय विकास अवस्थासँग अझ राम्रोसित मिसाएर दीर्घकालीन समृद्धि र स्थिरता कायम राख्न हङकङ र मकाउलाई अरू समर्थन दिनुपर्छ । मातृभूमि एकीकरण ऐतिहासिक आवश्यकता हो । जलडमरूका दुई किनारका देशबन्धुले हात र मुटु मिलाएर राष्ट्रिय पुनःउत्थानको महा गौरवलाई संयुक्त साझेदारी गर्नुपर्छ ।

हाम्रो लक्ष्य धेरै भव्य छ र धेरै सरल पनि छ । त्यसको मूल कुरो नै सर्वसाधारणलाई अझ राम्रो जीवनस्तरको वातावरण सिर्जना गर्ने हो । बालबालिकालाई हुर्काउने र शिक्षा दिने, युवाले रोजगारी पाउने र दक्ष बन्ने, ज्येष्ठ नागरिकले चिकित्सा तथा पेन्सन सेवा पाउने जस्ता आधारभूत विषयहरू परिवारका मात्र नभएर देशका पनि मामिला हुन् । सबैले साझा प्रयास गरी ती कुराको राम्ररी व्यवस्थापन गर्नुपर्छ । हाल समाजको लय निकै तीव्र छ भने सबैजना निकै व्यस्त छन् । कार्य र जीवनको दबाब पनि ठूलो छ । हामीले न्यानो र मेलमिलापयुक्त सामाजिक वातावरण सिर्जना गर्ने, उदार तथा जीवित नवीन सिर्जना क्षेत्रलाई विस्तृत बनाउने, सुविधा र आनन्दमयी जीवनस्तर प्रदान गरी सबैलाई सुखमय जीवनको सपनालाई व्यवहारमा उतार्ने वातावरण बनाउनुपर्छ ।

वर्तमान विश्वका केही ठाउँमा युद्ध चलिरहेको छ । चिनियाँ जनताले शान्तिको मूल्यबारे गहनरूपमा बुझेका छन् । हामीले अन्तर्राष्ट्रिय समूहसँग मानव जातिको भविष्य र जनताको फाइदाको आधारमा मानव भाग्य समुदायको रचना बढाएर अझ असल संसार निर्माण गर्ने इच्छा लिएका छौँ ।

अहिले अँध्यारो हुँदै गर्दा हजारौँ परिवारमा उज्याला बत्ती बलिरहेका छन् । हामीले मातृभूमिलाई समृद्धि बनाउने, विश्वलाई शान्ति कायम राख्ने शुभकामना बाडौँ । सबैलाई वर्षभरिको शुभ र सुस्वास्थ्य हुने शुभकामना व्यक्त गर्दछु । सबैलाई धन्यवाद !


## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९७/०९/२४

निधन
२०८०/०९/०९

**गोविन्द चाँगुभारी**

हाम्रा आत्मीय मित्र गोपीकृष्ण चाँगुभारीका पूजनीय पिता **गोविन्द चाँगुभारी**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**महामञ्जुश्री इँटा भट्टा उद्योग**
चा.न.पा. वडा नं. ८, बिडोल, भक्तपुर

## हार्दिक श्रद्धाञ्जली



जन्म : २००५ पुस १९ (आइतबार)
निधन : २०८० पुस ७ (शनिबार)

हाम्रा छोरी/ज्वाइँ दैलेख जिल्ला आठबीस नगरपालिका वडा नं. ८, विशाला बुढाभाल निवासी आत्मीय ज्वाइँ जमानसिंह विश्वकर्माकी ममतामयी आमा, रेशमा विश्वकर्माकी ममतमयी सासूआमा स्व. ध्वजे विश्वकर्माकी जीवनसाथी तथा हाम्री फुपू **सूर्जा विश्वकर्मा**को दुःखद निधन भएको आज १३ औँ दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न शक्ति मिलोस् भनी हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**बजिरसिंह विश्वकर्मा**
**विनोद विश्वकर्मा**
**विमल विश्वकर्मा**
**निरू विश्वकर्मा**
**बेलमाया लामा (विश्वकर्मा)**

**नातिहरू**
**भाग्य विश्वकर्मा, पुष्पराज विश्वकर्मा**

**नातिनीहरू**
**जेलिना विश्वकर्मा, बेबिका विश्वकर्मा, पुगु विश्वकर्मा**

## सङ्क्षिप्त समाचार

# बालकुमारीमा भएको प्रदर्शनमा पक्राउ परेका सबै रिहा

काठमाडौँ, १५ पुस । ललितपुरको बालकुमारीमा शुक्रबार भएको प्रदर्शनमा पक्राउ परेका ७३ जनालाई प्रहरीले रिहा गरेको छ । रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत कोरिया जान भाषा परीक्षाको आवेदन भर्न पाउनुपर्ने माग राख्दै भएको प्रदर्शनका क्रममा पक्राउ परेका उनीहरूलाई छाडिएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिनुभयो । उहाँका अनुसार सो प्रदर्शनका क्रममा थुनामा रहेका सबै रिहा भएका हुन् ।

उहाँले भन्नुभयो, "प्रदर्शनका क्रममा पक्राउ परेका सबैलाई छोडिएको छ र उनीहरूलाई मुद्दा नचलाउने निर्णय भएको छ ।" भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला चढ्ने गाडीमा आगजनी गरी भौतिक सम्पत्तिमा समेत तोडफोड गरेको आरोपमा प्रहरीले उनीहरूलाई पक्राउ गरी थुनामा राखेको थियो । उक्त प्रदर्शनका क्रममा दैलेखको महाबु गाउँपालिका-६ का २३ वर्षीय सुजन रावत र अछामको चौरपाटी गाउँपालिका-१ का २२ वर्षीय वीरेन्द्र शाहको मृत्यु भएको थियो । सरकारले ज्यान गुमाएका रावत र शाहका परिवारलाई जनही रु. १० लाखका दरले राहत उपलब्ध गराउने निर्णयसमेत गरेको छ । **रासस**

# मातातीर्थ र फाखेल-फर्पिङ सडक दुई महिना बन्द हुने

मकवानपुर, १५ पुस । मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाअन्तर्गत पर्ने मातातीर्थ र फाखेल-फर्पिङ सडकखण्ड स्तरोन्नति गर्नुपर्ने भएकाले दुई महिना बन्द हुने भएको छ । कुलेखानी-हुमाने-फाखेल खण्ड र हुमाने-मातातीर्थ हुँदै काठमाडौँको टेकु जोड्ने सडक निर्माण र स्तरोन्नति गर्नुपर्ने भएकाले भोलि (पुस १६ गते बिहान) देखि फागुन १५ गतेसम्मका लागि यातायात आवागमन बन्द गरिएको इन्द्रसरोवर गाउँपालिकाले जनाएको छ ।

उक्त खण्ड बन्द हुँदा वैकल्पिक सडकको व्यवस्था गरिएको छ । यातायातका साधनका लागि हेटौँडा भीमफेदी हुँदै कुलेखानीबाट इन्द्रसरोवरको सिस्नेरी-दक्षिणकाली तथा कुलेखानीको कलङ्गी हुँदै मार्खु र चित्लाङको बाटो हुँदै काठमाडौँको थानकोट पुग्न सकिने गाउँपालिकाका सूचना अधिकारी दीपक चापागाईंले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार भोलि बिहानदेखि वैकल्पिक मार्गका रूपमा हेटौँडाबाट आउने हल्का सवारी साधन उक्त खण्डमा सञ्चालन हुनेछन् । वैकल्पिक सडकका रूपमा काठमाडौँको चापागाउँ हुँदै कान्तिलोकपथबाट हेटौँडातर्फ आउने सवारी साधनलाई पनि सञ्चालनमा ल्याइने गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीले जानकारी दिनुभयो । **रासस**

# अपाङ्गता भएकालाई विद्युतीय रिक्सा

जानकी (बाँके), १५ पुस । नेपालगञ्जमा अपाङ्गता भएका व्यक्तिलाई विद्युतीय रिक्सा हस्तान्तरण गरिएको छ । नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्ट र गौरव स्मृति फाउण्डेशनका संरक्षक मधु शाहले नेपालगञ्ज-५ गणेशपुरका अपाङ्गता भएको राजु खानलाई ई-रिक्सा प्रदान गर्नुभएको थियो । फाउण्डेशनकी अध्यक्ष मधु शाहको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा रक्तदान पनि गरिएको थियो । त्यस अवसरमा विद्यार्थी, कर्मचारी, पत्रकार, समाजसेवी, स्वयंसेवी महिला तथा पुरुष गरी एक सय १३ जनाले रक्तदान गरेका थिए । कार्यक्रममा लुम्बिनी प्रदेशमा सबैभन्दा बढी रक्तदान गर्ने रक्तदाता समाज बाँकेका सल्लाहकार तथा स्वयमसेवी रक्तदाता पवन जायसवाललाई पनि सम्मान गरिएको थियो ।

**स्वर्ण पदक विजेताको सम्मान**

भारतको हैदराबादमा भएको १० औं वर्ल्ड स्ट्रेन्थलिफ्टिङ विश्व च्याम्पियनसिपमा स्वर्ण पदक जित्न सफल नेपालगञ्ज निवासी प्रतीक श्रेष्ठसहितका खेलाडीलाई सम्मान गरिएको छ । बाँके जिल्ला स्ट्रेन्थलिफ्टिङ, लाइफलाइन अस्पताल र गणपति डेन्टलको आयोजनामा नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख विष्ट, लाइफलाइन अस्पतालका अध्यक्ष अशोक श्रेष्ठ र डा. पारस श्रेष्ठले खेलाडीलाई सम्मान गर्नुभएको हो । **रासस**

# रुकुमपश्चिमका २० हजार लाभग्राहीले प्राप्त गरे पहिलो किस्ता

त्रिवेणी (रुकुमपश्चिम), १५ पुस । गत कार्तिक १७ गते राति जाजरकोटको रामीडाँडा केन्द्रविन्दु बनाएर गएको भूकम्पले क्षति पुर्याएको रुकुमपश्चिममा करिब २० हजार लाभग्राहीले अस्थायी आवास निर्माण गर्न पहिलो किस्ता प्राप्त गरेका छन् । जिल्लाका ६ वटै स्थायीय तहमा गरेर हालसम्म १९ हजार सात सय १७ लाभग्राहीले पहिलो किस्ताबापतको रु. २५ हजारका दरले रकम प्राप्त गरेका हुन् । जिल्ला विपद् व्यवस्थापन कोषबाट २३ हजार ६ सय आठ लाभग्राहीका लागि पहिलो किस्ताबापतको रकम पठाइए पनि स्थायीय विपद् न्यूनीकरण कोषबाट १९ हजार सात सय १७ लाभग्राहीले रकम प्राप्त गरेको सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बडुवालले जानकारी दिनुभयो ।

त्यस्तै, चौरजहारी नगरपालिकामा पाँच हजार नौ सय ३८, मुसिकोट नगरपालिकामा दुई सय ११, सानीभेरी गाउँपालिकामा चार हजार चार सय ९९ र त्रिवेणी गाउँपालिकाका दुई हजार ६९ लाभग्राहीले पहिलो किस्ताबापतको रु. २५ हजारका दरले रु. ४९ करोड २९ लाख २५ हजार पाप्त गरेका छन् ।

जिल्ला विपद् व्यवस्थापन कोषबाट भने रु. ५९ करोड दुई लाख रकम स्थानीय विपद् जोखिम न्यूनीकरण कोषमा पठाइएको छ । जिल्ला विपद् व्यस्थापन कोषबाट पठाइएको पहिलो किस्ताबापतको रकम अझै तीन हजार ९१ लाभग्राहीले पाउन बाँकी छ । जिल्लाभर हालसम्म २६ हजार आठ सय पाँच लाभग्राहीको प्रहरी लगत सङ्कलन भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । **रासस**




**तमु ल्होसारमा सहभागी :** गुरुङ समुदायको महान् पर्व तमु ल्होसार मनाउन आइतबार कास्कीको पोखरा महानगरपालिका-१० रामघाटस्थित बौद्ध अर्घौं सदनमा सहभागीहरू । *तस्बिर: धनबहादुर गुरुङ/रासस*

# जुलुस नियन्त्रणको उपाय गोली चलाउनु होइन

काठमाडौँ, १५ पुस । जनताका आधारभूत आवश्यकता पूर्ति गर्न र रोजगारी सिर्जना गर्न सरकारले उद्योग तथा कलकारखानाको विकास गर्नुपर्ने हो तर भएको छैन । देशमा सन्तुलित विकास भएको भए जनताले सेवा, सुविधा र काम पाउँथे । आफ्नो योग्यता, क्षमता, सीपअनुसार रोजगारी मिलेको भए कुनै पनि युवा या नेपाली विदेश जानुपर्ने बाध्यता हुँदैनथ्यो । आज कामकै खोजीमा प्रत्येक दिन हजारौं हजार युवाहरू विदेश गइरहेका छन् । देशमा रोजगारी नपाएर नै उनीहरू विदेश पलायन भए । रोजगारी अनुमति प्रणाली (ईपीएस) को परीक्षा दिन पाउनुपर्ने माग गर्दै भएको प्रदर्शनमा शुक्रबार प्रहरीले गोली चलायो र दुई जना युवाको मृत्यु भयो । शान्तिपूर्ण प्रदर्शनमा चलेको गोलीले सुजन राउत र वीरेन्द्र शाहको निधन भयो । गोली चलाएर हत्या गर्ने सरकार । हत्या गरेपछि क्षतिपूर्ति दिने र हत्यामा संलग्न व्यक्तिहरूलाई कारवाही गर्ने पनि सरकार । गोली चलाएर मारेपछि क्षतिपूर्ति दिने कस्तो सरकार !

बालकुमारी गोली काण्डबारे पुस १५ गतेको नागरिकमा लेखियो, 'अभिभावक बन्नुपर्ने राज्य हत्यारा !' अन्नपूर्ण दैनिकले लेख्यो, 'कमजोरी गर्ने ३ निलम्बित, सीडीओसहित ३ को खोसियो जिम्मेवारी' र गोरखापत्रले लेख्यो, 'मृतकका परिवारलाई दस लाख क्षतिपूर्ति, तीन अधिकारी निलम्बित', 'त्रुटि भयो', 'समीक्षा गरेका छौं ।' के गोली चलाउन आदेश दिने ललितपुरका प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डित, जिल्ला प्रहरी परिसर ललितपुरका प्रमुख एसएसपी सिद्धिविक्रम शाह र ईपीएस कोरिया शाखाका निर्देशक गुरुदत्त सुवेदीलाई आ-आफ्नो जिम्मेवारीबाट हटाएर मृतक परिवारका सदस्यहरूको पीडा मुक्त हुन्छ ? के सरकारले रु. १० लाख क्षतिपूर्ति दिन शान्तिपूर्ण जुलुसमा गोली हानेर हत्या गरेको हो ? के भिड नियन्त्रण गर्ने उपाय भनेको गोली चलाएर हत्या गर्नु हो ? के ती मृतक युवाहरूको मूल्य रु. १० लाख हो ? सरकार र प्रहरी प्रशासन यति निर्दयी किन हुन्छ ?

छानबिनको रिपोर्ट नआउँदासम्मको निम्ति भएको निलम्बन सरकारको अर्को कमजोरी हो । दुई युवक गोली लागेर या प्रहरीको पिटाइको कारण मृत्यु भएकोमा शङ्का छैन । बालकुमारीमा शुक्रबार भएको हत्याको विरोधमा शनिबार दैलेख बजार र सुर्खेतको वीरेन्द्रनगरमा विरोध प्रदर्शन भयो । विरोध प्रदर्शनमा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र भौतिक तथा यातायातमन्त्री प्रकाश ज्वालाको राजीनामा माग गरिएको थियो । 'हत्यारा सरकार चाहिँदैन, जनता मार्न पाईदैन' भन्ने नारा लगाइयो । जनताको विरोध र आन्दोलन सेलाउन सरकार छानबिन गठन गर्छ र दोषीमाथि कारबाही गर्ने फुक्छ । के सरकारको काम यही हो ? के बालकुमारीमा भएको प्रदर्शन हत्या गर्नुपर्ने परिस्थितिको हो ? त्यस्तो परिस्थिति नै थिएन । जुलुस नियन्त्रण गर्न पानीको फोहरा प्रयोग गर्न सक्थ्यो; अश्रुग्यास छोड्न सक्थ्यो, हवाईफायर गर्न सक्थ्यो र घुँडाभन्दा मुनि गोली चलाउन सक्थ्यो । ती कुनै पनि उपाय नअपनाई गोली प्रहार गर्नु प्रहरी प्रशासनको कमजोरी हो । यो प्रजिअ र प्रहरी प्रमुखलाई आदेश दिने कुनै मन्त्री या नेताहरूको कमजोरी हो ।

शान्तिपूर्ण आन्दोलन दबाउने नाउँमा प्रहरीको गोलीबाट धेरैको ज्यान गइसकेको छ । ज्यान गइसकेपछि छानबिन समिति गठन गरेर, दोषीलाई सेवाबाट निलम्बन गरेर र पीडित परिवारका सदस्यलाई क्षतिपूर्ति दिएर सरकार पन्छिन खोजिएको छ, आन्दोलन सेलाउने काम गरिएको छ । देशमा यस्ता धेरै घटना भइसकेका छन् । तर, पनि सरकारले पाठ सिकेको देखिँदैन । सरकारको यो कदम उपयुक्त देखिँदैन । परिवारको एकजना सदस्य बितेपछि परिवारै विचलित हुन्छ, परिवार नै शोकमा डुब्छ र परिवारका सदस्यहरूको जोहो गर्न समस्या हुन्छ । कति त त्यस्तै शोक र पीडाले अन्य सदस्यहरू पनि बितेका हुन्छन् । यसकारण, कुनै पनि शान्तिपूर्ण आन्दोलनमा गोली चलाउने या गोली चलाएर हत्या गर्ने काम सरकारले रोक्नुपर्छ र दोषीमाथि कडा कारबाही गर्नुपर्छ ।

# चिसोले भूकम्पपीडित समस्यामा

जाजरकोट, १५ पुस । गास र बासको उचित व्यवस्था नहुँदा यहाँका भूकम्पपीडित समस्यामा परेका छन् । चिसोले सबैभन्दा बढी बालबालिका, वृद्धवृद्धा र सुत्केरी समस्यामा परेका छन् । अस्थायी आवास निर्माणका लागि पालिकाबाट रकम निकासा गर्न ढिलाइ हुँदा भूकम्पपीडित त्रिपालमा बस्न बाध्य छन् । त्रिपालमा बस्दै आएकी कुशे गाउँपालिका-९ चौराठाकी २४ वर्षीया सुत्केरी कल्पना नेपालीले अत्यधिक चिसोका कारण बुधबार ज्यान गुमाउनुपर्‍यो ।

मङ्सिर १७ गते सुत्केरी भएकी कल्पना बिरामी हुनुहुन्थ्यो । कल्पनाका श्रीमान् गोपे सुनारले भन्नुभयो, "भूकम्पले घरमा क्षति पुगेपछि गर्भवती श्रीमतीसहित त्रिपालमा बस्दै आएका थियौँ । सुत्केरी भएदेखि नै बिरामी थिइन्, चिसोले मुख र जीउ सुन्निएको थियो, ठीक भइहाल्ला भनेर गाउँघरकै ओख्तो (औषधि) गर्न तिर लाग्यौँ, मृत्यु नै होला भन्ने सोचेको थिइन ।"

स्वास्थ्य संस्थामा पनि राम्रोसँग उपचार नहुने गरेको उहाँले गुनासो गर्नुभयो । "सुविधासम्पन्न अस्पतालसम्म लैजाने पैसा थिएन, त्यही भएर घरमै झारफुक र घरेलु उपचारमा लाग्यौँ", सुनारले भन्नुभयो ।

चिसोले जाजरकोटमा तीन बालबालिकासहित ३० जनाको ज्यान गइसकेको छ भने रुकुमपश्चिममा पाँच जना भूकम्पपीडितको मृत्यु भइसकेको छ । मृत्यु हुनेमा धेरैजसो निमोनिया र दमका रोगी भएको स्वास्थ्यकर्मी बताउँछन् ।

चिसोले श्वासप्रश्वास, निमोनिया, पखाला र दमका बिरामी बढेका छन् । नलगाड, बारेकोट, भेरी, जुनीचाँदे, छेडागाड, शिवालय र कुशे गाउँपालिकामा बिरामीको सङ्ख्या बढेको स्वास्थ्य सेवा कार्यालयले जनाएको छ । भूकम्पपछि त्रिपालको बसाइले चिसोका बिरामी बढ्दै गएको नलगाड कैना स्वास्थ्य चौकीका इन्चार्ज हेमा पुनले बताउनुभयो । चिसोबाट बिरामी भएर दैनिक एक सयभन्दा बढी बिरामी उपचारका लागि स्वास्थ्य संस्थामा आउने गरेको उहाँले बताउनुभयो ।

चिसोले निकै सताएको बारेकोट गाउँपालिका-५ की रमिता सिंहले बताउनुभयो । चिसोले टाउको दुख्ने, पखाला लाग्ने, रुघाखोकी लाग्नेलगायतका समस्या देखिएको उहाँले बताउनुभयो । त्रिपालको शीतले अनुहार नै सुन्निने गरेको उहाँले बताउनुभयो । नलगाडका चिउरी, पाली, कट्के, करुवा, गढिना, लहाँ, डाँडागाउँलगायत गाउँमा चिसोले बिरामी बढेको नलगाडका जनस्वास्थ्य निरीक्षक तप्त चनाराले बताउनुभयो ।

नगर अस्पताल दल्लीमा कार्यरत डा. विशाल उप्रेती बिदामा बसेका र बिरामीको चाप बढ्दै गएपछि जिल्ला अस्पतालबाट डा. अविनव टिङ्करीलाई पठाइएको स्वास्थ्य सेवा कार्यालयका प्रमुख डा. प्रतीक्षा भारतीले बताउनुभयो ।

अरू ठाउँभन्दा नलगाडमा बिरामीको चाप निकै बढेको छ । जिल्लाका सबै स्वास्थ्य संस्थामा करिब चार सयको हाराहारीमा चिसोका बिरामी उपचारका लागि आउने गरेको डा. भारतीको भनाइ छ । जुनीचाँदे गाउँपालिकामा औषधि अभाव भएको छ ।

भूकम्पले घरमा क्षति पुगेपछि त्रिपालमा बस्दै आएका जुनीचाँदे गाउँपालिकाका बासिन्दाले बिरामी भएर स्वास्थ्य संस्था जाँदा पनि औषधि पाउन सकेका छैनन् । चिसोले गर्दा रुघाखोकी, निमोनिया, पखाला, टाउको दुख्ने, ज्वरो आउनेलगायत समस्या लिएर बिरामी स्वास्थ्य संस्थामा पुग्ने गरेका छन् । औषधि नहुँदा बिरामी रित्तै फर्कन बाध्य छन् । औषधि अभावमा उपचार सेवा प्रभावित भएको स्वास्थ्यकर्मी स्वयंले बताएका छन् ।

प्राथमिक स्वास्थ्य केन्द्र गर्खाकोटमा कार्यरत अनमी सरस्वती शाहीले चिसोले गर्दा बिरामीको सङ्ख्या बढ्दै गएको भए पनि औषधि नभएको बताउनुभयो । उहाँका अनुसार चिसोका कारण निमोनिया, झाडापखाला, दम, रुघाखोकीलगायत श्वासप्रश्वाससम्बन्धी समस्या बढ्दै गएको छ । औषधि नहुँदा उपचार गर्न नसकिएको उहाँको भनाइ छ । स्वास्थ्य संस्थामा सिटामोलसमेत नभएको र बिरामीले नि:शुल्क पाउने औषधिसमेत दिन नसकेको शाहीले बताउनुभयो ।

जुनीचाँदे-६ दहकरुवा आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत अनमी कमलाकुमारी शाहीले पनि औषधि अभाव हुँदा उपचार सेवा प्रभावित भएको बताउनुभयो । उहाँले गाउँपालिकामा औषधिको माग गरे पनि आउन नसकेको जनाउनुभयो । चिसोले सुत्केरी महिला, बालबालिका र वृद्धवृद्धा धेरै प्रभावित भएका छन् । जुनीचाँदेका ११ वटै वडामा रहेका स्वास्थ्य संस्थामा औषधिको अभाव रहेको छ । जुनीचाँदे गाउँपालिका सदरमुकाम खलङ्गाबाट सबैभन्दा दुर्गम स्थानमा रहेको पालिका हो । यहाँ अत्यधिक चिसो हुने गर्छ ।

जुम्ला, कालीकोट र दैलेखसँग सिमाना जोडिएको यो गाउँपालिकाका विभिन्न वडामा पुग्न यातायातको असुविधा छ । जुनीचाँदेका स्वास्थ्य शाखा प्रमुख प्रेमबहादुर शाहीले यस वर्ष गाउँपालिकाले अहिलेसम्म औषधि खरिद नगरेको र जिल्लाले औषधि नपठाएकाले समस्या भएको बताउनुभयो । स्वास्थ्य सेवा कार्यालयका प्रमुख डा. प्रतीक्षा भारतीले माग गरेका पालिकामा औषधि पठाइएको तर जुनीचाँदेले औषधि नै माग नगरेको बताउनुभयो । औषधिको मौज्दात सकिएको भए माग गरेर लैजान सल्लाह दिएको उहाँको भनाइ छ । **रासस**

**। सम्पादकीय ।**

'साम्यवाद' बारे छलफल चालु

# इटालियाली समाजवादी टोम्मासो क्याम्पानेला

टोम्मासो क्याम्पानेला सन् १५६८ मा इटालीमा जन्मेका थिए । गरिब भए पनि उनी राम्रो विचार र तीक्ष्ण बुद्धिका थिए । उनले दर्शनशास्त्र विषय अध्ययन गरेका थिए । अन्धविश्वास गर्ने धर्मगुरू र भ्रष्ट न्यायाधीशहरूलाई उनी पराउँदैनथे । २४ वर्षको उमेरमै उनले लेखेको एक लेखलाई लिएर एकजना साथीले विश्वासघात गर्दा पक्राउ परे । त्यसैको अभियोगमा उनीविरुद्ध ज्यान सजायको फैसला भयो । तर उनलाई बहुला सम्झेर ज्यान सजायबाट आजीवन कैदमा परिवर्तन भयो ।

२७ वर्ष कारागारमा बसेपछि उनले 'घमाइलो सहर' (The city of the Sun) नामक महत्त्वपूर्ण पुस्तक लेखे । एकजना राम्रो धर्म गुरूको सहयोगमा उनले झ्यालखानाबाट मुक्ति पाए ।

'घमाइलो संसार' भन्ने पुस्तकमा उनले लोग्नेमानिस र स्वास्नीमानिस समान भएको वर्णन गरे । उक्त किताबमा सबै जनताका छोराछोरीलाई सानैदेखि पढ्न पाउँथे; मैत्रीपूर्ण जीवन बिताउँथे; समाजको सम्पत्तिलाई कसैले निजी बनाउन सक्दैनथे; झूट बोल्ने र जनताबिच झगडा लगाउने फटाहाहरूलाई त्यो समाजमा घृणा हुन्थ्यो; चित्रकला र विज्ञानलाई त्यो समाजले महत्त्वपूर्ण विषय मान्थ्यो; कामचोर, अल्छी र विलासी जीवन त्यस समाजका मानिसहरू मन पराउन्नथे; शिक्षालाई तिनीहरू गणतन्त्रको जग मान्थे; हरेक कामलाई तिनीहरू कर्तव्य र अनुशासनको रूपमा लिन्थे; महिलाहरूलाई समेत त्यस समाजमा युद्ध कला सिकाउँथे ।

त्यस अपूर्व समाजका मानिसहरू अरूको सहयोग गर्न मन पराउँथे । तिनीहरू दासप्रथा र विदेशको विषाक्त संस्कृतिलाई रूचाउन्नथे । त्यस समाजमा वर्तमान नेपालका नेताहरूलाई जस्तै शासन गर्ने नेताहरूलाई भनी घृणा गर्दैनथे बरू घृणाको सट्टा दाजुभाइ जस्तै व्यवहार गर्थे ।

त्यस समाजका बाली नलगाएका खेत हुन्नथ्यो । बाँझो जग्गा हुन्नथ्यो । त्यस समाजमा धेरै कानुन थिएन, नेपाल र पुँजीवादी समाजमा जस्तै कानुन धेरै जटिल वा दुई अर्थ लाग्ने नभई सरल हुन्थ्यो; त्यहाँ कारागार पनि थिएन ।

त्यस समाजका मानिसहरू बनावटी, चिप्लो घस्ने, फुर्कने, झूठा प्रशंसा गर्दैनथे ।

**फ्रान्सेली समाजवादी नेता बाबेफ**

फ्रान्सलाई समाजवादको मातृभूमि पनि भनिन्छ, जहाँ धेरै प्रकारका समाजवादी विचारकहरूको उदय भयो । बाबेफ क्रान्तिकारी उपायबाट समाजवाद स्थापनाको कल्पना गर्थे ।

ज्याँ मेल्ये अर्का फ्रान्सेली समाजवादी थिए जसले आपसमा बाँड्नुपर्ने वस्तु रहेसम्म समाजका झै-झगडाहरू, मन-मुताब, घृणा, रिस र द्वेष भइरहन्छ भन्ने विश्वास गर्थे । यसको अर्थ उत्पादनका साधनहरू सामाजिकीकरण भए पनि उत्पादित वस्तु पनि समाजकै भएमा वितरणमा समानता रहनेछ ।

यसरी समाजवाद र साम्यवादका धेरै दार्शनिक र विचारकहरू फरक फरक चिन्तन र भिन्न भिन्न उपायहरूको आ-आफ्ना रचनाहरूमार्फत समाजमा आमूल परिवर्तनको वकालत गरे । ती कति आजको समाजमा प्रचलित सांस्कृतिक एवं सामाजिक जीवनसँग मेल खान नसक्ने भएका छन् अर्थात् कल्पनाभन्दा धेरै अगाडि बढिसकेका छन् ।

तर, ती साम्यवादी र समाजवादी विचारकहरूका चिन्तनका विषयहरू आज पनि दिशा निर्देशकको रूपमा काम गर्ने खालका छन् । सन् १८४८ मा 'कम्युनिस्ट घोषणापत्र' को प्रकाशनपछि कति विचारकहरूका ठम्याइहरू व्यावहारिक देखिएनन् र राम्रो देखिएका विषयहरू पनि आफैँ नभई इतिहासको कसीमा घोटेर हेर्नुपर्ने देखियो । त्यसको अर्थ हो - समाज वर्गसङ्घर्षहरूबाट अगाडि बढ्दै गयो र कुनै पनि शोषकवर्ग र शासकहरूले सुनको किस्तिमा तल्लोवर्ग र विचारकहरूको चिन्तनअनुसार आ-आफ्नो निजी सम्पत्ति र शासन सत्ता सजिलै छोड्दैनन् र व्यवस्थामा पनि मौलिक परिवर्तन गर्न मान्ने छैनन् । यसको उपाय हो इतिहासले कोरेको बाटोबाट मात्रै राम्रो व्यवस्थाको निम्ति कोरेका क्रान्तिकारी सुधारहरू व्यवहारमा लागु हुनेछ ।

सन्दर्भ

- सीआरआई

# ६० वर्षदेखि निरन्तर चिनियाँ सहायता

हालै पेइचिङमा चीनको वैदेशिक सहायता चिकित्सा टोलीको ६० औं वार्षिकोत्सव र प्रशंसासभा सम्पन्न भयो । चिनियाँ राष्ट्राध्यक्ष सी चिनफिङले सम्मेलनका प्रतिनिधिहरूसँग भेटवार्ता गर्नुभयो । चिनियाँ वरिष्ठ अधिकारीहरूले वैदेशिक सहायता चिकित्सा कार्यको उपलब्धिलाई पूर्णरूपमा मान्यता दिँदै 'मानव स्वास्थ्य समुदायको निर्माणलाई प्रवर्द्धन गर्न थप योगदान' गर्न प्रोत्साहित गर्नुभएको छ । यो वाक्यले चीनले किन ६० वर्षसम्म चुपचाप यस विषयमा अडिग रह्यो र गरिरहन्छ भन्ने कुरालाई प्रस्ट्याउने काम गर्छ ।

चीनको कूटनीतिले सधैँ विश्वलाई ध्यानमा राखेको तथ्यबाट ६० वर्षको निरन्तरताको परिणाम हो । इबोलाविरुद्धको लडाइँमा अफ्रिकालाई सहयोग गर्ने कामदेखि, पहेँलो ज्वरो र प्लेगको रोकथाम तथा नियन्त्रणमा धेरै देशहरूलाई सहयोग गर्न, रोग नियन्त्रण र रोकथामका लागि अफ्रिकी केन्द्रहरूको निर्माणमा सहयोग गर्न र विगत ६० वर्षहरूमा अन्तर्राष्ट्रिय महामारी विरोधी सहयोग सञ्चालन गर्ने काममा चिनियाँ वैदेशिक सहायता चिकित्सा टोलीले सम्बन्धित देशका जनताको उच्च प्रशंसा जितेको छ ।

६० वर्षको वैदेशिक सहायता चिकित्सा उपलब्धिहरू बाहिरी विश्वका लागि चीनको जिम्मेवारी पालना गर्ने एउटा झ्याल बनेको छ । आज चीनले चिनियाँ शैलीको आधुनिकीकरणलाई प्रवर्द्धन गर्न सक्दो प्रयास गरिरहेको छ । विश्वको सबैभन्दा ठूलो विकासोन्मुख देशका रूपमा चीन आफ्नै विकासमा प्रतिबद्ध भए पनि अन्य विकासोन्मुख देशहरूलाई आफ्नै विकासमा सहयोग गर्न सधैँ जोड दिँदै आएको छ । विदेशी चिकित्सा सहायता यसको महत्त्वपूर्ण पक्ष हो ।

# "नि:स्वार्थरूपले जनताको सेवा गर्ने हाम्रा अग्रजहरूको भावनाले भक्तपुरलाई आजको अवस्थामा पुऱ्याएको हो"



✍ सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

भक्तपुर नगरपालिका २००६ सालमा स्थापना भएको हो । यो नगर १२ औँ देखि १५ औँ शताब्दीसम्म नेपाल मण्डलको राजधानी नगर र १८ औँ शताब्दीसम्म एक स्वतन्त्र राज्य रहेको इतिहास छ । यस नगरपालिकामा स्थापनाकालदेखि आजसम्म धेरै जनप्रतिनिधिहरूले काम गरे, जनताले विभिन्नरूपमा साथ दिए र आजको रूपमा आइपुगेको छ । हाम्रा अग्रजहरूको नि:स्वार्थरूपले जनताको सेवा गर्ने भावनाले नै भक्तपुर आजको अवस्थामा आइपुगेको हो । यो अवस्थासम्म भक्तपुरलाई पुऱ्याउन सहयोग गर्ने तमाम जनप्रतिनिधि, राजनीतिक कार्यकर्ता र प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने जनतालाई हामी आजको दिन उच्च सम्मान व्यक्त गर्दछौँ ।

२०३९ सालदेखि भक्तपुर नगरपालिकामा नेमकिपाले पूर्ण बहुमत प्राप्त गरी जनताको सेवा गर्दै आएको हो । प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने नीतिअनुसार नेमकिपा (तत्कालीन सङ्गठन) ले पञ्चायती चुनावलाई उपयोग गऱ्यो । त्यतिबेला भक्तपुर नगर शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइको क्षेत्रमा अत्यन्त पछाडि थियो । सम्पदाहरू संरक्षणको अभावमा बिग्रे भत्केका थिए भने कति लोपोन्मुख अवस्थामा थिए । पञ्चायती व्यवस्थामा निर्वाचनमा भाग लिएर जनताको सेवा गर्नु त्यति सहज थिएन । पार्टी गतिविधि प्रतिबन्धित थियो । त्यस्तो अवस्थामा निर्वाचित जनप्रतिनिधिहरूले शिक्षामा जोड दिए ।

सबै सरकारी विद्यालयमा १-१ जना शिक्षक नियुक्ति, कक्षा ७ सम्म नि:शुल्क शिक्षाको व्यवस्था भक्तपुर नगर पञ्चायतले लागु गऱ्यो । त्यतिबेला पञ्चायती सरकारले ५ कक्षासम्म मात्रै नि:शुल्क गरेको थियो । हाम्रा निर्वाचित अग्रजहरूले सरसफाइ अभियानको नेतृत्व गरे; 'पञ्चायत' नामक मासिक बुलेटिन प्रकाशित गरी नगर पञ्चायतका हरेक गतिविधि जनतासमक्ष सार्वजनिक गरे । पञ्चायती कालमा त्यो क्रान्तिकारी कदम थियो । भक्तपुर नगर पञ्चायत इमानदारी र पारदर्शिताको नमुना बन्यो । २०४३ सालमा सम्पन्न स्थानीय निर्वाचनमा पनि नेमकिसङ्गठनका उम्मेदवारहरू निर्वाचित भएपछि अघिल्ला जनप्रतिनिधिहरूले गरेका कार्यहरूलाई निरन्तरता दिँदै पञ्चायत पत्रिकामार्फत सर्वहारावर्गका महान् गुरुहरू मार्क्स, लेनिन, स्तालिन, माओका जीवनीहरू छाप्न थाले । त्यसले भक्तपुर नगर पञ्चायत पञ्चहरूको आँखाको कसिङ्गर बन्यो । २०४५ सालको भक्तपुर काण्ड त्यसैको परिणाम थियो ।

भक्तपुर काण्डमा नेमकिसङ्गठनका अध्यक्ष रोहितलगायत ६७ जना नेता कार्यकर्ताहरूलाई ज्यान मुद्दा चलाइयो । इतिहासकै पहिलोपल्टक प्रधानमन्त्री मरिचमान सिंह र राष्ट्रिय पञ्चायतका अध्यक्ष नवराज सुवेदीलगायतका पञ्चहरूले रोहितलाई फाँसीको माग गरे । जनताको चेतनास्तर उठिरहेको थियो । २० महिनापछि नेपाली जनताले पञ्चायती व्यवस्था अन्त्यको माग गर्दै २०४६ सालमा आन्दोलन गरे र त्यसको परिणाम पञ्चायती व्यवस्था सदाको लागि इतिहासको पानामा सीमित हुन पुग्यो । बहुदलीय व्यवस्था पुन:स्थापनापछि नेमकिसङ्गठनका नेता कार्यकर्ताहरू जेलबाट छुटे, प्रवास र भूमिगत जीवनबाट सार्वजनिक भए । जनताको सेवामा राजनीतिलाई अझ सशक्तरूपमा अगाडि बढाइयो ।

चुनावमा भाग लिएर जनताको सेवा गर्नु पनि एक राजनैतिक आन्दोलन हो । आन्दोलन समुद्रको छालजस्तै कहिले माथि उठ्छ त कहिले तल झर्छ । २०४९ सालको निर्वाचनमा पनि भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टीका साथीहरूले बहुमत प्राप्त गरे । नेपाल मजदुर किसान सङ्गठनको नाम नेमकिपा भइसकेको थियो । निर्वाचित साथीहरूले भक्तपुरको विकासको निम्ति नयाँ कदमहरू चाल्न थाले । त्यसमध्ये एक हो, पर्यटन शुल्क । २०५० साल साउन ६ गतेबाट पर्यटकहरूसँग १ डलर पर्यटन शुल्क उठाउन सुरु गरियो । भक्तपुर पर्यटन शुल्क सुरु गर्ने नेपालकै पहिलो नगरपालिका हो । त्यतिबेला वर्तमान राष्ट्रपति रामचन्द्र पौडेल स्थानीय विकास मन्त्री हुनुहुन्थ्यो । पर्यटन शुल्क लिएको विषयमा व्यापक विरोध भयो । केहीले अब पर्यटक 'भक्तपुर आउँदैन' सम्म भने । तत्कालीन स्थानीय विकासमन्त्री पौडेलले पर्यटन शुल्क उठाउन बन्द गर्न निकै दबाब दिनुभयो । तर, हामी पछि हट्ने कुरा थिएन । त्यसबेला नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ र तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबिच भएको एउटा भेटमा अध्यक्षज्यूले पर्यटन शुल्कको आवश्यकता र त्यसको औचित्यबारे स्पष्ट पार्नु भएपछि त्यो विवाद त्यतिकै सेलाएर गयो ।

पर्यटन शुल्कको निरन्तरताले अहिले त्यो भक्तपुर नपाको एउटा महत्त्वपूर्ण स्रोत बनेको छ । काठमाडौँ, ललितपुर, चाँगुनारायण, पोखरालगायत नगरपालिकाहरूले पर्यटन शुल्क लिन थालेका हुन् । यस अर्थमा शिक्षा, पर्यटन शुल्कमा पनि भक्तपुर नपाले अगुवाइ गरेको देखिन्छ ।

२०५४ सालको स्थानीय निकाय निर्वाचन घोषणापत्रमा शिक्षालाई जोड दिने उल्लेख थियो । त्यसको कार्यान्वयनको सिलसिलामा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले २०५६ सालमा एउटा बुद्धिजीवीहरूको बृहत् भेलामा १५ वर्षभित्र एक घर एक स्नातकको घोषणा गर्नुभयो । त्यो निकै चर्चाको विषय बन्यो । केही कथित बुद्धिजीवीहरूले असम्भव र महत्त्वाकाङ्क्षी भनी त्यस घोषणाको आलोचना गरे । हामी जनप्रतिनिधिहरू त्यो घोषणा कार्यान्वयनतर्फ अगाडि बढ्यौँ । त्यतिबेला नगर प्रमुख प्रेम सुवाल हुनुहुन्थ्यो । २०५६ सालमै ख्वप मावि स्थापना भयो । ख्वप मा.वि. स्थानीय निकायले सञ्चालन गरेको नेपालको पहिलो शिक्षालय हो ।

२०५८ सालमा ख्वप कलेज र सोही वर्ष पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्ध लिई ख्वप इन्जिनियरिङ कलेजको पनि स्थापना भयो । ३ वर्षभित्र ३ वटा उच्च शिक्षा प्रदान गर्ने शिक्षालयहरू स्थापना गर्न भक्तपुर नपा सफल भयो । शैक्षिक संस्था स्थापनाको क्रम त्यतिकै रोकिएन । २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा ख्वप कलेज अफ इन्जिनियरिङ स्थापना भयो । पछि शारदा कलेज तथा शारदा मावि पनि नगरपालिकामा हस्तान्तरण भयो । त्यसपछि सातवटा शैक्षिक संस्थाहरू सञ्चालनमा आयो । २०७९ सालमा ख्वप कलेज अफ ल को स्थापना भई अहिले बीएएलएलबीको ५ वर्षे स्नातक कक्षा सञ्चालन भइरहेको छ । अहिले भक्तपुर नगरपालिका ख्वप विश्वविद्यालयको सञ्चालनको तयारीमा छ ।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने र १५ वर्षभित्र एक घर एक स्नातकको घोषणाले अहिले भक्तपुरमा घरघरमा इन्जिनियर, स्नातक र स्नातकोत्तरहरू भेटिन थालेका छन् । २०५९ सालदेखि २०७४ सालसम्म १५ वर्षसम्म स्थानीय निकाय जनप्रतिनिधिविहीन हुँदा भक्तपुर विकासमा धेरै पछि पर्‍यो । त्यो तीतो अनुभव पनि हामीसँग छ । त्यतिबेला सर्वदलीय संयन्त्र गठन गरेर स्थानीय निकाय चलाउने व्यवस्था थियो । कतिपय राजनैतिक दलका प्रतिनिधिहरूले ख्वप कलेजहरूलाई जस्तै अन्य निजी कलेजहरूलाई पनि नपाले अनुदान दिनुपर्नेमा जोड दिए । त्यसबारे विवादपछि सर्वदलीय बैठक नै बस्न सकेन ।

सर्वदलीय बैठक विकासभन्दा भागबन्डामा केन्द्रित हुन्थ्यो, अहिले शासक दलहरूबिच शिक्षक, कर्मचारी, उपकुलपति, राजदूत भागबन्डा गरेजस्तै । दलहरूबिच हरेक क्षेत्रमा भागबन्डाकै कारण देश बिग्रिएको हो । हामीले भक्तपुर नगरपालिकामा भागबन्डाको प्रवृत्तिलाई भित्र्याउन दिएनौँ । सबै काम पारदर्शी तरिकाले गर्दै आएका छौँ । २०५६ सालमा भनपालाई ट्रान्सपरेन्सी इन्टरनेसनलले सदाचारको टापु घोषणा गरेको पनि हामी यहाँ स्मरण गर्न चाहन्छौँ ।

२०७२ सालमा भूकम्प गएपछि स्थानीय निकाय जनप्रतिनिधिबिहीन भएको कारण देशले धेरै समस्या भोग्नुपर्‍यो । सर्वदलीय संयन्त्रले काम गर्न सक्ने अवस्था थिएन । लाखौँ घर र हजारौँ सम्पदाहरू क्षतविक्षत भएको अवस्थाको पुन:निर्माण राजनैतिक दलहरूको निम्ति ठूलो चुनौती बन्यो । २०७४ सालमा निर्वाचन भयो ।

हामी २०७४ सालमा निर्वाचित हुँदा भक्तपुर भूकम्प पूरै क्षतिग्रस्त अवस्थामा थियो । पूर्ण र आंशिक गरी ८ हजार घर र १२० भन्दा बढी सम्पदाहरू बिग्रे भत्केका थिए । त्यही मौकामा धेरै विदेशी गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू सहयोगको नाउँमा आउन थाले । नेपाल मजदुर किसान पार्टीले अरुको सहयोग लिनुभन्दा आफैँले बनाउनेतिर जोड दियो । जर्मनी सरकारले यहाँका सम्पदा पुन:निर्माणको लागि पठाएको १ करोड युरो (१ अर्ब २० करोड रूपैयाँ) समेत अस्वीकार गरी भनपाले पैसा फिर्ता गर्‍यो । आफ्नै बलबुत्ताले पुन:निमाणमा अघि बढ्ने भक्तपुर नगरपालिकाले अठोट गर्‍यो ।

जर्मनी पैसासँगै उनीहरूको स्वार्थ पनि थियो । अहिलेको एमसीसीका बुँदाहरूजस्तै कर्मचारी आफैँ नियुक्ति गर्ने, उनीहरूको सिफारिसमा सामान खरिद गर्नुपर्ने, मुद्दा परेमा जर्मनी कानुनअनुसार चलाउने, हिसाब उनीहरूकै अडिटरले हेर्ने, हाम्रा सम्पदाहरूमा हाम्रो कानुनविपरीत दण्डी सिमेन्ट प्रयोग गर्ने जस्ता शर्तहरूको कारण हामीले त्यसलाई अस्वीकार गरेका थियौँ । त्यतिबेला हाम्रा विपक्षीहरूले भक्तपुर कैयौँ वर्षसम्म भग्नावशेषमा रहने भयो भनेर आलोचना गरे । हामीले त्यसको कामले जवाफ दिने नीति लियौँ; जनतालाई पुन:निर्माणमा सहयोग गर्न आग्रह गर्यौँ । विदेशी सहयोग लिएमा स्वाभिमानमा आँच पुग्न सक्नेबारे जनतालाई सम्झायौँ । सम्पदाहरू निर्माणमा सयौँ र हजारौँ नगरवासीले सहयोग गरे । लाखौँ र करोडौँ सहयोग प्राप्त भयो ।

भक्तपुर विचार, सिद्धान्त र जनताको सेवा गर्ने भावनाले बनेको हो । जनतालाई निर्वाचनको बेला दिएको बचनअनुसार काम गर्यौँ । ५ वर्षमा १२४ वटा सम्पदा पुन:निर्माण र जीर्णोद्धार सम्पन्न भए भने अहिलेसम्ममा कुल १४५ वटा सम्पदाहरूको पुन: निर्माण सम्पन्न भएको छ । जनताको आर्थिक, भौतिक र श्रमदानसमेत गर्दा थोरै रकममा धेरै सम्पदाहरू पुन:निर्माण गर्न सफल भयौँ । जनप्रतिनिधि, राजनैतिक कार्यकर्ता र स्थानीय जनताका एक मनको एकताले नै भक्तपुर आजको अवस्थामा पुग्न सम्भव भएको हो ।

स्वास्थ्य क्षेत्रमा हामीले घरदैलो सुरु गर्यौँ । नेपाल सरकारले पनि ३।४ वर्षपछि घरदैलो नर्स सुरु गर्‍यो । सुरुमा भक्तपुर र बर्दिबासमा लागू गर्‍यो भने अहिले अन्य नपामा पनि विस्तार गर्दै छ । यस अर्थमा घरदैलो नर्सिङ पनि नेपालमा पहिलोपटक भक्तपुर नगरपालिकाले नै सुरु गरेको हो । वडा वडामा स्वास्थ्य केन्द्रहरू स्थापना गर्दै छौँ । छिटो छरितो स्वास्थ्य सेवामा जनताका पहुँच पुऱ्याउने गरी काम गर्दै छौँ । १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी जनताको सेवा गर्दै छौँ । ख्वप तिलगङ्गा आँखा अस्पताल सञ्चालन, श्वासप्रश्वास केन्द्र र नागरिक आरोग्य केन्द्र स्थापना गरी जनतालाई सेवा प्रदान गरिरहेका छौँ । एउटा एनजीओले निजी संस्थाको रूपमा सञ्चालन गरिरहेको क्यान्सर अस्पताललाई राज्यको स्वामित्वमा ल्याउन पहल गर्यौँ र बनाएरै छाड्यौँ । भक्तपुर अस्पताल पनि राम्रो अस्पताल बनेको छ । अङ्ग प्रत्यारोपण केन्द्रले पनि राम्रो सेवा दिइरहेको छ । स्वास्थ्य सेवामा भक्तपुर अहिले धेरै अगाडि बढेको छ ।

विभिन्न सञ्चारमाध्यमहरूमार्फत हाम्रा गतिविधि जनतालाई जानकारी दिने उद्देश्यले सञ्चालन गरिरहेका छौँ भने युवाहरूलाई विभिन्न सीपमूलक तालिमहरू दिइरहेका छौँ । संविधान र कानुनको घेराभित्र बसेर जनताको सेवा गरिरहेका छौँ ।

यो वर्ष अरनिको सभाभवन निर्माण कार्य अगाडि बढाउने, ख्वप विश्वविद्यालय सञ्चालन गर्ने, थन्थु दरबार पुन:निर्माण गर्ने, उपचार पोखरीहरूको निर्माण कार्यलाई तीव्र गतिमा अगाडि बढाउने हाम्रो योजना छ । हामी भक्तपुरलाई सफा, सुन्दर नगर र एउटा उदाहरणीय नगर बनाउने प्रयासमा लागिरहेका छौँ । भक्तपुर आजको अवस्थामा आइपुग्न हजारौँ जनताले प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गरेका छन् । आजको यो सभामार्फत ती सबै सहयोगी हातहरूलाई हार्दिक धन्यवादज्ञापन गर्दछौँ । धन्यवाद !

***(२०८० पुस २ गते भक्तपुर नपाको ७४ औँ स्थापना दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य)***

# पहिलो भ्रमण

## असोज १०-२६, २०४८ (26 Sep-12Oct. 1991)

# कोरिया पुन:एकीकरणको निम्ति अन्तर्राष्ट्रिय विशाल पदयात्रा-१


✍ का. रोहित

**प्रस्थान**

(१० असोज २०४८/26 Sep. 1991)

कोरियाली मजदुर पार्टीको निमन्त्रणामा प्योङयाङमा आयोजना हुने कोरिया पुन:एकीकरण निम्ति अन्तर्राष्ट्रिय विशाल पदयात्रामा भाग लिन प्रस्थान गर्ने दिन १२ बजेनै म गौचर हवाई अड्डा पुगेँ । भक्तपुर, काठमाडौँ, काभ्रेका र अन्य साथीहरूसँग बिदा लिएर २:१५ बजे थाई हवाईजहाजमा चढेँ र हवाईजहाज उड्यो ।

उड्नुअघि हामी साधारण यात्रुहरूको कोठामा साथीहरूसँग कुराकानी गर्दै थियौँ । पत्रकार साथीहरू (भैरव रिसाल र देवकोटा) सँग यसपालिको सदनबारे आफ्नो राय र देशको कला र संस्कृति जोगाउन, राष्ट्रको प्राचीनता जोगाउन




र जनताको नयाँ रोम पाउन भक्तपुरमा पहिले जस्तै पर्खाल लगाउने, पश्चिमी शैलीका घरहरू बनाउन नदिने, व्यक्तिगत सम्पत्तिको रूपमा रहेको साँझ्या (भोटे झ्याल) वा अन्य कला र संस्कृतिको हिसाबले महत्त्वपूर्ण कलाकृति र भवनहरूलाई भत्काउन, बिगार्न, अङ्गभङ्ग गर्न वा विदेशीहरूलाई बेचबिखन गर्न नपाउने ऐन बनाउन राष्ट्रिय सम्पत्ति वा राष्ट्रिय महत्त्वका वस्तु वा घर घोषणा गराउने कामको निम्ति मैले एक सङ्कल्प राख्न खोजेको थिएँ। एक दुई महिनादेखि नै यसबारे मैले शिक्षामन्त्री रामहरि जोशी, नेकाका सचेतक गोविन्दराज जोशी, लक्ष्मणप्रसाद घिमिरे, रामकृष्ण ताम्राकार आदि संसद् सदस्यहरूसँग कुरा गरेको थिएँ, उत्तर कोरियाको राजदूतावासमा एक दिन 'सर्वमान्य नेता' गणेशमानजीसँग पनि त्यसबारे कुराकानी गरेको थिएँ । उहाँले पनि त्यस कुरालाई राम्रै मान्नुभयो र सङ्कल्प ल्याउनु उचित नै सम्झनुभएको थियो । संसद्को परामर्श समितिमा छलफल हुँदा सबै पार्टीका प्रतिनिधिहरूले सिद्धान्तत: समर्थन गरे । तर, सङ्कल्प होइन ध्यानाकर्षण ल्याउन सल्लाह दिए । सङ्कल्पलाई ध्यानाकर्षणमा परिणत गरेँ । तर, अचानक प्योङयाङ जाने कार्यक्रम बन्यो । मेरो मन विभाजित भयो । असोज १० को दिन मेरो कोरियाको निम्ति बैङ्ककमा उड्ने टिकट मिल्यो भन्ने ९ गते थाहा पाएँ। असोज १० गते नै भक्तपुरबारे ध्यानाकर्षण ल्याउने कार्यक्रम थियो । मैले त्यस प्रस्तावलाई हाम्रो पार्टीको तर्फबाट डिल्लीबहादुर महतद्वारा राख्न लगाउने कुरो गरेँ । तर, सभामुखज्यूले त्यसलाई अलि व्यवस्थित ढङ्गले नै ल्याउनुपर्ने भएको हुनाले डिल्लीबहादुर महतमार्फत नल्याई हिउँदे सदनमा मबाटै ल्याए उपयुक्त हुने बताउनुभयो । म साह्रै द्विविधामा परेँ । यी सबै कुरा मैले बिदा दिन आएका साथीहरू र पत्रकार साथीहरूलाई बताएँ ।

विमानस्थलमा भीमबहादुर तामाङजी (नेका) र पन्तजीसँग भेट भयो तर चन्द्रप्रकाश मैनालीजी (एमाले) देखिन । पछि माधव नेपाल, सी.पी. मैनाली र एमालेका अन्य साथीहरू भी.आई.पी. कोठामा पाएँ । कोरियाली राजदूत, काउन्सिलर किम र कोरियाली दूतावासका अन्य कर्मचारीहरू बिदा दिन आएका थिए ।

विमान बैङ्ककमा ५.१५ मा पुग्यो अर्थात् ३ (तीन) घण्टा लाग्यो । बैङ्ककमा ३२ वर्षपछि यो मेरो दोस्रो टेकाइ थियो । यसअघि १९५९ मा चीनको निम्ति जाँदा पटनासम्म विमान, त्यहाँबाट रेलमा कलकत्ता, कलकत्ताबाट रंगुन हुँदै चीनको कुङमिङमा विमानबाट पुगेको थिएँ । तर, चीनबाट स्वदेश फर्कँदा बैङ्कक भएर फर्केको थिएँ । आजको बैङ्कक हवाई अड्डा पहिलेको भन्दा कैयौँ गुणा ठुलो भएको पाएँ ।

झन्डै सवा घण्टा पर्खेपछि अर्थात् ६:३० बजे (नेपाली समय) हामी (नेपाल कोरिया मैत्री सङ्घका अध्यक्ष माणिकलाल श्रेठ, भीमबहादुर तामाङ, सी.पी. मैनाली, प्रजग कोरियाको दूतावासमा काम गर्ने पन्त र म) हङकङको निम्ति उड्यौँ । विमानमै खाना खायौँ । ८ बजे नेपाली समयमा हामी हङकङ पुग्यौँ । मालसामान जचाउँदा र पासपोर्टको काम सिध्याउँदा हङकङको १२ बजेको थियो र हवाई अड्डाको रिगल होटलमा बास बस्यौँ ।

**पेचिङमा**

(११ असोज ०४८/27 Sep 1991)

हङकङको समय नेपालको भन्दा २.१५ घण्टा अगाडि हुने रहेछ । उज्यालो र माणिक दाइको फोनले त्यहाँको ७ बजे र नेपालको ५ बजे नै उठेँ ।

भीमबहादुरजी र सी.पी. मैनालीजीका आवश्यक लुगाको निम्ति हामी नजिकैको बजार गयौ । बिहानको चिया वा ब्रेकफास्ट खाँदा भर्खर नेपाली घडीमा ६ बज्दै थियो । भोक थिएन, चिया खायौँ । संयोगले मेरो र भीमबहादुरजीको पेचिङको निम्ति उडान त्यहाँको १०.२० मा थियो अर्थात् नेपाली समयको ८.०५ बजे । अन्य तीन जनाको १२.१० बजे थियो । त्यो भिन्नता हामीलाई होसै भएन, हामीले सोच्यौँ सबैको एउटै उडान हो । ढिलो भयो, हाम्रो विमान गइसकेको थियो ।

बल्ल बल्ल Stand by भन्ने ठाउँ खाली भएर १२.१० बजेकैमा हवाई अफिसमा झण्डै एकडेढ घण्टा कुरेर, सबै एउटै विमानमा जान पाउने भइयो । नत्र दुई कुराले हामीलाई अप्ठेरो हुन्थ्यो । पहिलो, साथीहरू छुट्ने, दोस्रो, हङकङमा एक रात बस्नु परे सयौँ रुपैयाँ बेकाममा खर्च हुने र दु:ख पाउने । माणिक दाइबाहेक हामीमध्ये कोही पनि यस्ता यात्राका अनुभवी र जानकार थिएनौँ । उहाँले धेरै दौडधुप गर्नुभयो र बल्ल बल्ल सँगै जान पायौँ ।

पेचिङको निम्ति हङकङबाट नेपाली समयअनुसार १०:४५ मा विमान उड्यो र १.२५ मा पेचिङमा ओराल्यो । विमानमै हामीले दिनको खाना खायौँ ।

पेचिङ विमानस्थल पनि पहिले अर्थात् ३० वर्षपहिले भन्दा निकै ठुलो बनाई सकिएको थियो । तर, आश्चर्य ! हङकङमा १५-२० मिनेटभित्र आ-आफ्नो सामान ल्याउने (स्वचालित) कामको निम्ति यहाँ ५५ मिनेट लाग्यो । हामी सबै अचम्म भयौँ । यसो हेर्दा पेचिङभन्दा हङकङ धेरै गुणा आवतजावत हुने र सक्रिय ठाउँ देखियो । साँच्चै भनौँ भने हङकङको तुलनामा पेचिङ हवाई अड्डा गाउँजस्तो थियो र बन्दोबस्त र तदारुकतामा साह्रै पछाडि !

कोरियाली दूतावासका कर्मचारीहरूबाट हामी रिटान होटलमा लगियौँ । त्यही पाकिस्तान, हिन्दुस्तान र श्रीलङ्काका प्योङयाङ जाने प्रतिनिधिहरू पनि भेट्यौँ । एकछिन बाहिर डुल्यौँ र ७.३० बजेतिर रातिको खाना खायौँ । भाषाको कठिनाइ असाध्यै बिझ्यो । माणिक दाइको एक मित्रसँग सिन्ह्वा विश्वविद्यालयमा फोनले सम्पर्क राख्न २ घण्टा लाग्यो ।

**प्योङयाङमा**

(१२ असोज ०४८/28 Sep. 1991)

यस दिन नेपाली समय १२.४५ र पेचिङमा समय ३ बजे हामी पेचिङबाट प्रजग कोरिया ( प्योङयाङ) को निम्ति उड्यौँ । हवाई अड्डामा हामीले बुटवलको सूर्यलाल श्रेष्ठलाई प्योङयाङबाट फर्केको तर बैङ्कक जाने विमान नपाएर हैरान भएका भेट्यौँ । पहाडै पहाड हुँदै हवाईजहाज उड्यो, बिच बिचमा नदीनाला र खेत बस्तीहरू पनि देखिन्थे, २:४५ (नेपाली समयानुसार) हामी प्योङयाङको विमानस्थल पुग्यौँ । कोरियाली समयानुसार त्यसबेला ५:१५ बजेको थियो । विमानस्थल बाहिर कोरियाको पुन:एकीकरण र कोरियालाई आणविक अस्त्रमुक्त क्षेत्र बनाउनको निम्ति गरिने अन्तर्राष्ट्रिय पदयात्रामा भाग लिन आएका एसियाका विभिन्न देशका प्रतिनिधिहरूलाई स्वागत गर्न हजारौँ जनता पर्खिरहेका थिए ।

सबै प्रतिनिधिमण्डलका सदस्यहरू आ-आफ्ना देशका नाम भएका र देशका नाम नभएका 'कोरिया एक हो' भन्ने नारा लेखिएका प्लेकार्ड र कपडाको माला लगाएर विमानबाट निस्के । स्वागत गर्न धेरै बेरदेखि पर्खिरहेका जनतालाई अभिवादन गर्दै सानो शान्ति जुलुस हवाई मैदानको एक ठाउँमा एक सभाको रूपमा परिणत भयो । त्यसमा कोरिया पुन: एकीकरण एसियाली समितिका अध्यक्ष (जापान) र सचिव (भारत) ले बोले । त्यहाँबाट राजनैतिक पार्टीका प्रतिनिधिहरू र अन्य समितिका प्रतिधिनिहरूलाई भिन्नाभिन्नै स्वागत कक्षमा लगिए ।

विमानस्थलको स्वागत कक्षमा अगस्त ( १९९१) मा नेपाल आउनुभएका कोरियाली मजदुर पार्टीको केन्द्रीय समितिको अन्तर्राष्ट्रिय विभागका उपनिर्देशक किस जे बोडसँग भलाकुसारी भयो । नेपाल भ्रमणको बेला उहाँले मलाई 'सय पटक पढ्नुभन्दा एक पटक आफ्नै आँखाले हेर्दा धेरै कुरा जानबुझ्न सकिन्छ' भन्नुभएको थियो । अत: कोरियाको भ्रमण गर्न निम्तो गर्नुभएको थियो । त्यो स्मृति मेरो मनमा ताजा भयो ।

उहाँले कोरियामा पहिलोचोटि स्वागत गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो र स्वास्थ्यबारे पनि सोध्नुभयो । कफी खाइसकेपछि हामी प्योङयाङतर्फ एक बसमा गयौँ । बसमा भारत, श्रीलङ्का, पाकिस्तान, बङ्गलादेश, जापान, लाओस आदि देशका प्रतिनिधिहरू थिए । माथिका प्रतिनिधिहरूमध्ये जापानका भने हामीले पेचिङमा भेटेका थिएनौँ ।

हवाई मैदानदेखि प्योङयाङसम्ममा बाटोमा हामीले ठाउँ ठाउँमा सयौँ मानिसहरू खेत, पेटी र बस पर्खिरहेका वा घर फर्किरहेका कोरियालीहरू देख्यौँ र सबैले हात हल्लाएर हामीलाई अभिवादन गर्दै थिए । आफ्ना नानी बोकेका आमाहरू हुन् वा बालकलाई बाटोमा डोऱ्याई रहेका दिदीबहिनी हुन्, खेतमा काम गरिरहेका किसान हुन् वा कारखाना वा कामबाट फर्किरहेका मजदुरहरू हुन्, सबैले आफ्ना नानी र भाइबहिनीलाई हात हल्लाउन सिकाउँदै थिए, रातो स्काफ लगाएका २० किलोमिटरको बिच बिचमा भेटेका सबैजसो छात्रछात्राहरू बडो उत्साहपूवर्क हात हल्लाई हल्लाई अभिवादन गर्न पछि पर्दैनथे ।

चौडा र सफा सडकहरू, लाइन मिलेका र राम्रा राम्रा घरहरू, ट्रलिबस, ट्राम र भूमिगत रेलहरू आवतजावतको व्यवस्थाले मलाई साँच्चै आश्चर्यमा पाऱ्यो । अग्ला अग्ला ठुलठुला या विशाल भवनहरू देख्दा, दुई दुई तह रुखहरूका




पङ्क्तिहरू देख्दा मैले नेपाली काङ्ग्रेसका केन्द्रीय समितिका सदस्य भीमबहादुर तामाङजीलाई भनेँ, "वास्तवमा कोरियाली जनताले प्रगति गरेकै रहेछ ।"

नेपालजस्तै सानो, युद्धमा पूर्णतया ध्वस्त भएको अर्थात् एउटा सङ्ग्लो इँटासमेत बाँकी नछोडिएको कोरियाले जेनेभा सम्झौतापछिको ३७ वर्षभित्र गरेको प्रगतिबाट कोरियाली जनताले आफ्नो देशप्रति गौरव गर्ने अधिकार राख्छ ।

मेरो मनमा २००७ सालपछि ४१ वर्षको हाम्रो देश ३० वर्षसम्मको पञ्चायतकालीन देशमा यस्तो प्रगति किन गर्न सकिएन भन्ने कुरा खेल्न थाल्यो । हाम्रो बसको अगाडि अगाडि रातो बत्ती बलेको एउटा सुरक्षा र सूचना दिने गाडी, कोरियाली समितिका अधिकारीहरूको गाडी, विभिन्न देशका झन्डाहरूको गाडी, गीत र कुराले पदयात्राको प्रचार गर्ने गाडी गुड्दै थियो ।

साँझ ७ बजेतिर हाम्रो बस कोरियो होटलमा अड्यो । त्यहाँ पनि हामीलाई स्वागत गर्न मानिसहरू लाम लागेर बसेका थिए । कोरियो होटलको झिलीमिली देख्दा एकैछिन म अल्लमल्ल परेँ । मानिसले नै होटलभित्र बनाइएको झरना, एक्वारियमका माछाहरू, पोखरी, रंगीचंगी बत्ती र जताततै ऐना र त्यसको प्रतिछायाले मेरो मन सौन्दर्यतिर गयो ।

साँच्चै सुन्दर थियो- कोरियो होटल । भीमबहादुर तामाङ र सी.पी. मैनालीसँग मैले भनेँ- नेपालले पनि २-४ वटा होटेलहरू त बनाएका छन्, तर अरबौँ रुपैयाँ विदेशबाट सहयोग र ऋण लिएर । कोरियाले किन, कसरी प्रगति गर्न सकेको होला, नेपालमा पर्यटन उद्योगको कोरियामा भन्दा ठुलो सम्भावना छ- हिमालय, प्राकृतिक सौन्दर्य, भारत र चीनको बाटोमा परेर । तर, नेपालमा यस्ता ठुला ठुला होटलहरू विकास गरेर पर्यटन उद्योगलाई किन विकास गरेन आदि ।

मलाई कोरियो होटलको दोस्रो नम्बरको ३१ तलाको २५ नं. कोठामा बस्ने बन्दोबस्त मिलाइएको रहेछ । बैठक कोठा, सुत्ने कोठा, सभा कोठा, स्नान गर्ने कोठाहरू भएको त्यस कोठामा आवश्यक सामानहरूको बन्दोबस्त थियो ।

**अन्तर्राष्ट्रिय विशाल पदयात्रा**

(१३ असोज २०४८/29 Sep. 1991)

बिहान ८:४५ बजे होटल कोरियोबाट विभिन्न देशका कोरिया एकीकरण समिति र एकता समितिका प्रतिनिधिहरू आ-आफ्ना प्लेकार्ड र 'कोरिया एक हो' 'अमेरिकी सेना निस्किजा', 'आणविक शस्त्र होइन', 'कोरिया प्राय: द्वीपलाई अणुशस्त्र मुक्त शान्ति क्षेत्र बनाऔँ' भन्ने जस्ता अनेक नारा लेखिएका कपडाहरू फहराउँदै र लेखिएका कपडा माला लगाई मोटर वा बसहरू पनि त्यस्तै लामा लामा कपडा र झन्डाहरूले सिँगारिँदै किम इल सङ चोकमा पुग्यौँ । त्यहाँबाट पैदल नै ९:३० बजेतिर दसौँ हजार मानिसहरूको एकताको पदयात्रा सुरु भयो । ११ बजे सो प्रदर्शन खुल्ला सांस्कृतिक मञ्च भन्ने ठाउँमा पुगी सभामा परिणत भयो । देश विदेशका खास गरेर युरोप, ल्याटिन अमेरिका र पूर्वी एसियाली देशका प्रतिनिधिहरूले बोले र प्रस्तावहरू पास गरे । संयुक्त राष्ट्र सङ्घका महासचिव, सं. रा. अमेरिका र दक्षिण कोरियाका राष्ट्रपतिलाई पठाइने पत्रहरू पनि बैठकले एकमतले स्वीकार गर्यो । १:१५ बजे बैठक समाप्त भयो र १:३० देखि मोटर मार्च होटेल कोरियोमा २ बजे टुङ्ग्यो । जापानका युवाहरूको एक दल मोटरसाइकलमा र सोभियत सङ्घको एक दल मोटरमा थिए ।

एकताको पदयात्रामा आ-आफ्नो देशको एकीकरण समितिको नाम भएको तुल कपडाहरू प्रदर्शन गर्दै पदयात्रीहरू अगाडि बढे । बाटोको दुई छेउमा उभिएका लाखौँ नरनारीहरूले हात हल्लाउँदै स्वागत अभिवादन गरे । दुवै किनारका घरका झ्यालहरूमा कोरियाको राष्ट्रिय झन्डा र एकीकरणको नक्सा भएका झन्डाहरू फहऱ्याएका थिए । प्योङयाङलाई उत्सव र उल्लासले सिँगारेको थियो । कोरियाका भविष्यका कर्णधार स-साना नानीहरू फूलका गुच्छाहरू बडा उत्साहका साथ हल्लाउँदै हँसिलो अनुहारले स्वागत गर्दै थिए । अपराह्न ३:३० बजे कोरिया मजदुर पार्टीको केन्द्रीय समितिको अन्तर्राष्ट्रिय फाँटको सचिव र सर्वोच्च जनसभाको अन्तर्राष्ट्रिय समितिको कार्यवाहक र सहअध्यक्ष र अणुशस्त्रविरोधी शान्ति समितिका अध्यक्ष किम योङ सन र अन्य पदाधिकारीहरूसँग एसियाका प्रतिनिधिहरूको कुराकानी भयो । स्वागत अभिवादनपछि एकीकरणबारे र त्यसका बाधाहरू, कामरेड किम इल सङको प्रस्तावबारे छलफल भयो । ४:४५ बजे त्यहाँबाट हामी बिदा भयौँ ।




प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले गाजापट्टीमा जारी युद्धलाई रोक्न नसकेको र प्यालेस्टिन क्षेत्रमा राखिएका बाँकी बन्दीहरूको रिहाइलाई सुरक्षित गर्न असफल भएकोमा राजीनामा दिन माग गर्दै इजरायलको राजधानी तेलअभिवमा हजारौँ इजरायली प्रदर्शनकारीहरूले आइतबार साँझ विरोध प्रदर्शन गरेका छन्। प्रदर्शनकारीहरूले अविलम्ब युद्धविराम गर्न र इजरायल-प्यालेस्टिन दुई राज्यको समाधानतिर फर्कन आग्रह गरेका छन्। *तस्बिर : प्रेस टीभी*

# वर्षान्त २०२३ : जलवायु न्यायले पाउँदै छ अन्तर्राष्ट्रिय प्राथमिकता

**कृष्ण अधिकारी**

काठमाडौँ । सन् २०१७ मा १०० जनाभन्दा धेरैको ज्यान लिने गरी पोर्चुगलमा फैलिएको उष्णलहर र डढेलोबाट प्रभावित बनेकी २४ वर्षीया क्लाउडिया डुआर्टे अगोस्टिन्होसहित उनका २० वर्षीय भाइ मार्टिम र ११ वर्षीया बहिनी मारियानासहित छ जनाले ३२ वटा देशका सरकारविरुद्ध मुद्दा हालेका थिए । युरोपेली सङ्घका सबै सदस्य, बेलायत, नर्वे, रुस, स्विट्जरल्यान्ड र टर्कीलाई जलवायु परिवर्तनको बारेमा पर्याप्त काम नगरेको र पेरिस सम्झौताले तोकेको लक्ष्यअनुरूप विश्वव्यापी तापमान १.५ डिग्री सेल्सियसभित्र कायम गर्ने गरी हरितगृह ग्यासको उत्सर्जन कम गर्न चुकिरहेको भन्ने उनीहरूको आरोप छ ।

उक्त मुद्दा मानवाधिकारसम्बन्धी मामिला हेर्ने युरोपेली अदालत ( इसिएचआर) मा विचाराधीन छ । विश्वमा निकै महत्त्वका साथ हेरिएको जलवायु परिवर्तनसम्बन्धी पहिलो मुद्दा मानिएको छ । बाँच्न पाउने अधिकार, गोपनीयता, पारिवारिक जीवन र विभेदमुक्त हुन पाउनेसहितका आफ्ना आधारभूत अधिकारहरू जलवायु परिवर्तनसँग जुड्ने कुरामा सरकारहरूले देखाएको अनिच्छाका कारण मिचिएको उनीहरूको दाबी छ ।

त्यस्तै, अमेरिकाको ओरिगनको मल्ट्नोमा काउन्टीले कैयौँ तेल र ग्यास उत्पादकहरूविरुद्ध सन् २०२१ मा भीषण गर्मी गराएको भन्दै ५२ अर्ब डलर क्षतिपूर्ति मागसहित मुद्दा दायर गरेको छ । जलवायु परिवर्तनसम्बन्धी इतिहासकै ठूलो कानुनी लडाइँका रूपमा लिइएको यो मुद्दा अहिले पनि विचाराधीन रहेको छ । न्यायालयले काउन्टीको पक्षमा निर्णय गरेमा तापक्रम बढाउन मुख्य जिम्मेवार मानिएका जीवाश्म इन्धन उत्पादन गर्ने दजनौँ कम्पनीहरूले क्षतिपूर्ति दिनुपर्ने बाध्यताको सिर्जना मात्र हुँदैन । यस्ता कम्पनीहरूको अस्तित्वमाथि नै गम्भीर प्रश्न खडा हुने बताइएको छ ।

यी दुवै मुद्दालाई अन्तर्राष्ट्रिय विभिन्न सञ्चार माध्यमहरूले प्राथमिकता मात्र दिएका थिएनन्, भावी सन्ततिका लागि विश्वको सुरक्षित भविष्यको सुनिश्चित गर्न जिम्मेवार व्यवहारका लागि सूचनाहरू सम्प्रेषण गरेका थिए । जलवायु परिवर्तनका कारण विश्वका अनेक जटिल समस्याहरूलाई लिएर विभिन्न देशका न्यायालयहरूमा मुद्दाहरू दर्ता हुने क्रम बढ्दो छ र न्यायालयहरूबाट पनि साझा चासो र चिन्ताको जलवायु न्यायको पक्षमा निर्णयहरू भइरहेका छन् । न्यायाधीशहरूमा जलवायु परिवर्तनबारे आएको स्पष्ट दृष्टिकोणका कारण अधिकांश न्यायालयहरूबाट अगामी दिनमा जलवायुमैत्री निर्णय आउने आशा गरिएको छ ।

केही वर्षदेखि वैज्ञानिकहरूले लगातार जलवायु परिवर्तनको असरका बारेमा विभिन्न अनुसन्धानबाट देखिएका निस्कर्षहरूका बारेमा सचेत गराउँदै आए पनि राजनेताहरू भने पछिल्लो समय यस समस्याप्रति गम्भीर देखिएका छन् । राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय कुनै पनि फोरमहरूमा यस विषयले प्राथमिकता पाउन थालेको छ र पृथ्वीमा तापमान वृद्धि गराउने मुख्यस्रोत जीवाश्म इन्धन भएकाले यसको खपतलाई घटाउँदै लैजानुपर्ने आवश्यकता महसुस हुन थालेको छ ।

**समस्याको पहिचान गर्न सफल कोप २८**

संयुक्त अरब इमिरेट्स (युएई) मा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-२८) मा अधिकांश देश नवीकरणीय र हरित ऊर्जा उत्पादनलाई बढावा दिँदै जीवाश्म इन्धनको प्रयोगलाई न्यून गर्दै जाने सहमति भएको छ । कोप-२८ मा हालसम्म गरिएका प्रतिबद्धताले सन् २०३० सम्ममा हरितगृह ग्यास उत्सर्जनमा कमी गर्न आवश्यक पर्ने कार्यमा ३० प्रतिशतले मात्र कमी ल्याउने भएको छ ।

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन नियन्त्रणसम्बन्धी निकायका अनुसार नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतासम्बन्धी प्रतिबद्धतामा एक सय ३० देशले हस्ताक्षर गरेका छन्। विश्वको सबैभन्दा ठूलो हरितगृह ग्यास उत्सर्जन चीन, विकासशील भारत र प्रमुख ऊर्जा निर्यातकर्ता साउदी अरब र रुसले सम्झौतामा हस्ताक्षर गरेका छैनन् । नवीकरणीय ऊर्जा प्रतिबद्धतापत्रमा २०३० सम्म ११ हजार गिगावाट हरित ऊर्जा क्षमता पुऱ्याउने लक्ष्य राखिएको छ ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी ( आइइए) ले २०२२-२०२७ बिचमा नवीकरणीय ऊर्जाले विश्वको ऊर्जा क्षमतामा ९० प्रतिशतभन्दा विस्तार हुने जनाएको छ । नवीकरणीय ऊर्जाको बढोत्तरी गर्दै गएर सन् २०५० सम्म शून्य कार्बन उत्सर्जनको नीतिलाई व्यावहारिकरूपमा लागू गर्नसमेत सहभागी राष्ट्र तयार देखिएका छन् ।

नवीकरणीय ऊर्जा करिब दुई हजार चार सय गिगावाट हुनेछ, यो भनेको चीनले आज उत्पादन गरेको सम्पूर्ण ऊर्जा क्षमता हो । हिजो जीवाश्म इन्धनको अत्यधिक उपयोग गर्ने चीन, युरोपिय युनियन, अमेरिका, भारतले हालको नीति र बजारमा परिवर्तन गरेका कारण यो सम्भावना बढेको ऊर्जाविद्हरू बताउँछन् ।

विकासोन्मुख देशहरू मात्र होइन, विश्वका औद्योगिक मुलुकहरूमा पनि सौर्य, वायु, जलविद्युत् र जैविक इन्धन भविष्यको ऊर्जाको मुख्यस्रोत हुनेछ । 'क्लाइमेट एक्सन' का अनुसार जीवाश्मको योगदान अझै पनि विश्वव्यापी ऊर्जा उत्पादनमा ८० प्रतिशत बढीमा छ । विश्वव्यापीरूपमा हाल करिब २९ प्रतिशत विद्युत् नवीकरणीय स्रोतबाट प्राप्त भइरहेको छ । विश्व जनसङ्ख्याको करिब ८० प्रतिशतभन्दा बढी मानिस जीवाश्म इन्धनमा निर्भर छन् । अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सीले सन् २०५० सम्ममा विश्वको ९० प्रतिशत विद्युत् नवीकरणीय ऊर्जाबाट आउने अनुमान गरेको छ ।

आठ वर्षअघि मात्रै पेरिस जलवायु सम्झौतामा हस्ताक्षर हुँदा कोइला, तेल र ग्यासको कतै पनि चर्चा भएको थिएन । सन् २०१५ को पेरिस सम्झौताले बढ्दो खडेरी, आँधीबेहरी र समुद्रको सतह वृद्धिलगायत जलवायु परिवर्तनको सबैभन्दा खराब विनाशबाट बच्न विश्वव्यापी तापक्रम वृद्धिलाई पूर्व-औद्योगिक स्तरभन्दा १.५ डिग्री सेल्सियसभन्दा बढी नराख्ने महत्त्वाकाङ्क्षा राखेको थियो ।

कोप-२८ को सचिवालयका अनुसार जलवायु परिवर्तनको नकारात्मक प्रभावबाट बच्न सन् २०३० सम्म कार्बन उत्सर्जनलाई झन्डै आधाले घटाउने विषयमा पनि सहभागी राष्ट्रहरूको समान मत छ । कोइला, तेल र ग्यासजस्ता जीवाश्म इन्धनको अत्यधिक प्रयोगका कारण विश्वव्यापीरूपमा जलवायु परिवर्तनको असर परेको छ । हरितगृह ग्यास उत्सर्जनमा जीवाश्म इन्धनको भूमिका ७५ प्रतिशत बराबर छ । जीवाश्म इन्धनको निर्भरता कम गर्दै स्वच्छ, पहुँचयोग्य, किफायती, दिगो र भरपर्दो ऊर्जाको वैकल्पिक स्रोतमा थप लगानीको आवश्यकता बढेर गएको छ ।

यस विश्व जलवायु सम्मेलनले जीवाश्म इन्धन प्रयोगको विकल्प खोजी गर्न देशहरूलाई आग्रह गर्ने सहमतिसहित पारित गरेको २१ पृष्ठ लामो सहमति कानुनीरूपमा भने बाध्यकारी छैन । तर, यसले जलवायु परिवर्तनको चुनौती सामना गर्न देशहरूलाई मार्गदर्शन भने गर्नेछ । सहमतिमा देशहरूले जीवाश्म इन्धनको विकल्पतर्फ जान 'न्यायपूर्ण, प्रक्रियाबद्ध र समतामूलक योगदान गर्नेछन्' भनिएको छ । पहिलोपटक जलवायु सम्मेलनमा लिखितरूपमा कोइला, तेल र ग्यासजस्ता इन्धनहरूबारे प्रतिबद्धता जनाइएको छ ।

सम्मेलनमा सहभागी देशका सरकार प्रमुखहरू र तेल र ग्यास उद्योगहरूबिच नवीकरणीय ऊर्जालाई तीन गुणा वृद्धि गर्ने र सन् २०३० सम्ममा मिथेन ग्यास उत्सर्जनमा तीव्र कटौती गर्ने गैर-बाध्यकारी प्रतिज्ञा गर्न सहमत देखिएका थिए । करिब ५० इन्धन कम्पनीले मिथेनको उत्सर्जन शून्य गर्ने र सन् २०३० सम्ममा नियमित उत्सर्जनलाई अन्त्य गर्ने वाचा गरेका छन् । अत्यधिक शक्तिशाली तर तुलनात्मकरूपमा कार्बन डाइअक्साइडपछि दोस्रो मानिने अल्पकालीक मिथेन ग्यास अहिले हुने हरितगृह ग्यास उत्सर्जनबाट तापक्रम वृद्धिका लागि लगभग एक-तिहाई नतिजाको लागि जिम्मेवार छ । ऊर्जा उत्पादनको अतिरिक्त, पशु कृषि मिथेनको एक प्रमुख स्रोत हो ।

**तत्कालीन विकल्पको खोजी**

पृथ्वीको तापक्रम बढ्दै जाँदा त्यसबाट निम्तिन सक्ने खराब अवस्थाहरू आउन नदिन संयुक्त राष्ट्रसङ्घका वैज्ञानिकहरूले हालै मानिसहरूले गर्नुपर्ने योजनासहित विभिन्न सुझावहरू सार्वजनिक गरेका छन् । राष्ट्रसङ्घको वातावरणीय निकाय इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज आइपिसिसीका अनुसार मानिसहरूले जलवायु परिवर्तनको जोखिमबाट जोगिनका लागि खनिज इन्धनको प्रयोग कम गर्नुको अर्को बलियो विकल्प नभएको बताएका छन् । पृथ्वीको तापक्रम बढ्न नदिन ऊर्जा उत्पादनका लागि कोइलाको प्रयोगलाई सदाका लागि बन्द गर्नुपर्छ ।

त्यसैगरी, कार्बन उत्सर्जन कटौती गर्न एकदमै अप्ठ्यारो हुँदै गर्दा अनुसन्धानकर्ताहरू उपयुक्त समाधानका निम्ति फेरि प्रविधिको भूमिकामा जोड दिनुपर्ने बताउँछन् । आवास, आवागमन र पोषणजस्ता क्षेत्रमा मानिसहरूको ऊर्जाको मागलाई कटौती गर्न सकिने उपायहरूको खोजी हुनु पर्नेमा पनि उनीहरूको जोड रहेको छ । धनी मानिसहरूको व्यवहारका कारण पृथ्वीको अवस्थामा ठूलो प्रभाव परेकाले उनीहरूको व्यवहारमा परिवर्तन हुन आवश्यक छ । अहिले खनिज इन्धनका सम्बन्धमा भइरहेको पैसाको प्रवाह स्वच्छ ऊर्जाका निम्ति भइरहेको दाँजोमा एकदमै धेरै भएकाले खनिज इन्धनको खपतका निम्ति दिइरहेका अनुदानहरू बन्द गर्नुपर्ने हुन्छ । ***रासस*** (विभिन्न एजेन्सीहरूको सहयोगमा)

## विश्व सङ्क्षेप

### भारतमा आगलागी हुँदा ६ जनाको मृत्यु, नौ घाइते

नयाँदिल्ली, १५ पुस (सिन्ह्वा) । भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रको एक कारखानामा शनिबार र आइतबारको मध्यरातमा आगलागी हुँदा कम्तीमा छ जनाको मृत्यु हुनुका साथै अन्य नौ जना घाइते भएको स्थानीय प्रहरीले जनाएको छ । राज्यको छत्रपति सम्भाजीनगर जिल्लामा रहेको ह्यान्ड ग्लोब्स उत्पादन गर्ने एक उद्योगमा आगलागी भएको हो ।

आगलागीको कारण खुल्न सकेको छैन । घटनाको विवरण दिनका लागि आफू आधिकारिक व्यक्ति नभएको जनाउँदै एक प्रहरी अधिकारीले भने, "हामीलाई करिब १:१५ बजे फोन गरेर आगलागी भएको जानकारी आएको थियो । हामी आगो निभाउने उपकरणसहित घटनास्थलमा पुग्यौँ । आगो निभाइएको छ । ६ जनाको शव फेला परेको छ ।"

घटनाको पुष्टि गर्दै स्थानीय दमकल विभागका एक अधिकारीले भने, "घटनामा ६ जनाको मृत्यु भएको र नौ जनालाई घाइते अवस्थामा स्थानीय अस्पतालमा भर्ना गरिएको छ ।"

घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेकोले मृतकसङ्ख्या थप हुनसक्ने उनले बताए ।

### बेल्गोरोड आक्रमणको बदलामा आइतबार रूसद्वारा युक्रेनमा आक्रमण

कीएभ, युक्रेन, १५ पुस (एएफपी) । रूसले बेल्गोरोड शहरमा भएको 'आतङ्कवादी हमला' को बदला लिने प्रतिबद्धता जनाएको एक दिनपछि आइतबार बिहान युक्रेनविरुद्ध नयाँ आक्रमण सुरु गरेको छ ।

युक्रेनको उत्तरपूर्वी शहर खार्किभलाई लक्षित गरी रातभर ड्रोन आक्रमण भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

"खार्किभमा रूसी ड्रोनको रातको आक्रमणको परिणामस्वरूप, शहरको केन्द्रमा भवनहरू क्षतिग्रस्त भएका थिए । यी सैन्य सुविधाहरू होइनन्, तर क्याफेहरू, आवासीय भवनहरू र कार्यालयहरू हुन्," शहरका मेयर इहोर तेरेखोवले टेलिग्राममा लेख्नुभएको छ ।

उहाँले भन्नुभयो, "नयाँ वर्षको पूर्वसन्ध्यामा रूसीहरू हाम्रो शहरलाई धम्क्याउन चाहन्छन्, तर हामी डराएका छैनौँ ।"

सन् २०२२ को फेब्रुअरीमा द्वन्द्व सुरु भएयता रूसमा सर्वसाधारणमाथि भएको सबैभन्दा घातक आक्रमणपछि यो हमला सुरू भएको हो ।

रूसको सीमाबाट ३० किलोमिटर टाढा रहेको बेल्गोरोड शहरमा शनिबार कम्तीमा २२ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएका थिए ।

मस्कोले शनिबारको आक्रमणमा विवादास्पद 'क्लस्टर' हतियारको प्रयोग समावेश भएको बताएको छ र संयुक्त राष्ट्र सुरक्षा परिषद्को आपतकालीन बैठकमा कीभले खेल केन्द्र र विश्वविद्यालयलाई निशाना बनाएको बताएको छ ।

रूसी राजदूत भासिली नेबेन्जियाले यसलाई 'जानाजानी, अन्धाधुन्ध आक्रमण' को संज्ञा दिएका छन् ।

### नाइजर आक्रमणमा ११ गाउँलेको मृत्यु

नियामे (नाइजर), १५ पुस (एएफपी) । नाइजरको बुर्किना फासोसँग सीमामा रहेका दुई गाउँमा संदिग्ध जिहादीहरूले शनिबार गरेको आक्रमणमा ११ जनाको मृत्यु भएको त्यहाँको रक्षा मन्त्रालयले आइतबार बताएको छ ।

"धेरै मोटरसाइकलमा आएका आतङ्कवादीहरू बैङ्किलारेबाट करिब ३० किलोमिटर दक्षिणपूर्वी आमरा र आउडजी गाउँमा प्रवेश गरेका थिए, त्यहाँ उनीहरूले शान्तिपूर्ण नागरिकहरूमाथि आक्रमण गरी ११ जनाको हत्या गरे", मन्त्रालयले विज्ञप्तिमा भनेको छ ।

नाइजेरियाई रक्षा तथा सुरक्षा बलहरूले शुक्रबार 'बहु हवाई-स्थल आक्रमणहरू' गरेपछि यो हत्या भएको हो । सुरक्षा बलको आक्रमणपछि मन्त्रालयले यसबाट आतङ्कवादीहरूको सञ्चार च्यानल 'केही पनि नरहेको' बताएको थियो ।

गस्तीको गाडी नियामेदेखि ७० किलोमिटर टाढा ओरो गुएलाडजोमा एउटा खानीमा ठोक्किँदा शुक्रबार एक सैनिकको मृत्यु र पाँच जना घाइते भएको विज्ञप्तिमा उल्लेख छ ।

नाइजरमा सैन्य विद्रोहपछि जुलाईदेखि सेनाले शासन गर्दै आएको छ । डिसेम्बर १७ मा सैन्य विद्रोहका नेता तथा शासक जनरल अब्दुरहामाने तियानीले मुलुकको सुरक्षा स्थिति 'प्रगतिशीलरूपमा सामान्य' भइरहेको भन्दै शान्ति व्यवस्था कायम गर्न सेनाले 'धेरै सफलता' हासिल गरेको बताउनुभएको थियो ।

सैन्य तथा स्थानीय स्रोतहरूका अनुसार पछिल्ला केही सातामा बुर्किना फासो र मालीको सीमासँग जोडिएका क्षेत्रमा अपेक्षाकृत शान्ति देखिएको छ । यी क्षेत्रमा यसअघि बारम्बार जिहादी आक्रमणको खतरा थियो ।

अक्टोबरमा बुर्किना फासोको सीमा नजिकै जिहादीहरूसँग भएको झडपमा ६ सैनिक मारिएका थिए । सोही महिना पश्चिमी नाइजरमा भएको एक हमलामा २९ सैनिक मारिएका थिए । यो सैनिक विद्रोहपछिको सबैभन्दा घातक हमला थियो ।

# योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रामा सहभागी हुँदा

✍ सागर

भक्तपुर नगरपालिकाले 'बहाबही चिनौं, सम्पदा संरक्षण गरौं' भन्ने नाराका साथ नगरभरका १९ वटा बहाबहीको सम्पदा यात्रा सम्पन्न गरेको छ । टौमढी पाँचतले मन्दिरबाट बिहान ११ बजे सुरु भएको यात्रा करिब ४ घण्टापछि याता गोल्मढीमा पुगेर टुङ्गियो । यात्रालाई रोचक र रसिलो बनाउन योमरी उत्सव पनि सँगै जोडिएको थियो । चार घण्टाको यात्रा गर्ने मार्गका ठाउँठाउँमा स्थानीयले बिक्रीका लागि ताजा योमरी राखेका थिए । योमरीको साथमा सम्येबजी, स्थानीय उत्पादन ताइचिन चिउरा, जुजु धौ (दही), तोरीको तेल, हाकुपटासी, मूर्तिकलालगायतका वस्तुहरू पनि बिक्रीमा राखिएका थिए ।





सम्पदा यात्रा उत्सवलाई थप उत्सवमय बनाउन शाक्य, बज्राचार्यहरूको गुँलाबाजा, मानन्धरहरूको ङकघलं बाजासहित केही दाफा भजनहरू सघाएका थिए । ठाउँठाउँमा स्कूलका विद्यार्थीहरूको बाल नृत्य, दाफा भजन, बाजा आदिले पनि यात्राको रौनक बढाएको देखिन्थ्यो ।

नगर प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भएको उक्त यात्रा अखण्डशील महाविहार जेतवर्ण महाविहार, बौद्ध समकृत विहार, जयकीर्ति महाविहार, ज्येष्ठ वर्ण महाविहार, लोकेश्वर महाविहार, चतुर्ब्रह्म महाविहार, यालाछेँ बही, सुवर्ण विहार, मञ्जुवर्ण महाविहार, प्रशन्नशील महाविहार, मूल दीपङ्कर विहार, कुलरत्न महाविहार, धर्मकीर्ति विहार, आदिपद्म महाविहार , खुशीबाहा (शक्रवर्त विहार), धर्मउत्तर महाविहार ( मुनिविहार), इन्द्रवर्ण महाविहार र मङ्गल धर्मद्विप विहार (भौरबही) हुँदै यातामा पुगेर टुङ्गिएको थियो ।

यात्रा सबैतिर एकतर्फी बनाउन साँघुरा बाटाहरू उपयोग गरिएको थियो । हजारौंको सङ्ख्यामा भएका पदयात्रीहरू साँघुरा गल्लीहरूबाट समेत जानु पर्दा स्वभावैले यात्रा स्थान लम्बिएको थियो । पदयात्रीहरू बौद्धमार्गीहरूबाहेकका धेरैले यो बहीमा पहिलो पटक पुगेको भन्ने प्रतिक्रिया दिइरहेका थिए । पदयात्री केही शिक्षकहरू भन्दै थिए, "विद्यार्थीहरूलाई अबको स्थानीय सम्पदा अवलोकन यही बहाबही गर्नुपर्छ ।"

थथुबही अगाडि नः पुखुको पश्चिम किनारमा स्थानीय उत्पादनहरू चिउरा, हाकुपटासी, जुत्ता, थैली, तोरीको तेललगायतका वस्तुहरू बिक्रीमा राखिएका थिए भने यालाछेँमा भिन्तुना साकोसले बाँसुरी बाजा बजाई स्वागत गरिरहेको थियो भने अर्को छेउमा प्रभात ई. स्कूलका विद्यार्थीहरूले नाचेर पदयात्रालाई रमाइलो बनाइरहेका थिए । प्रभात स्कूलले यालाछेँबाहेक चोछेँ र थालाछेँमा पनि नृत्य प्रस्तुत गरिरहेको थियो ।

सूर्यमढी वडा पनि उत्सवमय देखिन्थ्यो । डबलीमा कलाकारहरू नौ बाजा बजाउँदै थिए भने पाटीमा ज्येष्ठ नागरिकहरू कसीमला पाँय् प्रदर्शन गर्दै थिए । अर्को पाटीमा दाफा भजन हुँदै थियो । डबलीको दक्षिणतर्फ सम्येबजी र योमरी बिक्री हुँदै थियो ।

यात्रा माहेश्वरी उकालोमा पुग्दा स्थानीयहरूले त्यहाँ पनि योमरीले स्वागत गर्दै थिए । त्यस्तै मुनिविहारमा चिरवस्त्रधारी श्रवणेरहरूको धर्मदेशना ध्वनि निकै कर्णप्रिय थियो । सोही विहारको माथिल्लो बुद्ध मूर्तिअगाडि राखिएको त्रिपिटक प्रदर्शनले यात्रा थप आकर्षक बनेको थियो ।

थोरै भए पनि विदेशी पर्यटकहरू पनि सम्मिलित उक्त पद यात्रा गोल्मढी गलसीमा पुग्दा लाखे नाच र देवी नाचले रौनक दिइरहेको थियो । अन्तमा यात्रा समापन स्थल याता त स्वभावैले झकिझकाउ हुने नै भयो । स्थानीय उत्पादनका स्टलहरू चारैतिर राखिएका थिए भने याताको केन्द्रमा मञ्च बनाइएको थियो । मञ्च अगाडि बुद्ध मूर्तिहरूले मञ्च अत्यन्त आकर्षक बनेको थियो ।

त्यहाँको अर्को आकर्षण कृति हस्तकला पनि थियो । यात्राको क्रममा थालाछेँ बहीको चैत्य 'मुचलन्द बुद्ध' धेरैको लागि नौलो नाम सुनियो, पढियो । शारदा माविभित्र एउटा चैत्य छ भन्ने त थाहा थियो तर त्यो मुचलन्द बुद्ध भन्ने प्रचार यही यात्रामा धेरैले थाहा पाए ।

भक्तपुरमा २४ बहा भए पनि अहिले १९ बहाको मात्र यात्रा गरिएको छ । थप पाँच बहा कहाँ कहाँ र कुन कुन भन्ने जिज्ञासा यात्राले बढाएको छ । यात्रामा देखिएका बहाहरूमध्ये कुलरत्न महाविहार र खुशीबहाको स्थिति जीर्ण देखियो । यी दुईबाहेक अरू कुनै न कुनै ढङ्गले व्यवस्थितरूपमा सञ्चालन भइरहेको देखियो ।

# न्याय प्रशासनको एक वर्ष : शीघ्र मुद्दा फछ्र्योटको लयमा न्यायालय

✍ कालिका खड्का

काठमाडौं । सर्वोच्च अदालतले पाँच वर्ष नाघेका मुद्दालाई चालु आर्थिक वर्षको अन्त्यसम्ममा शून्यमा पुऱ्याउने लक्ष्यका साथ मुद्दा फछ्र्योटलाई तीव्रता दिएको छ । पाँच वर्ष नाघेको मुद्दाको सङ्ख्या बढ्दै गएपछि विसं २०७९ साउन १ गतेदेखि मुद्दा न्यूनीकरण गर्न 'विचाराधीन पुराना बक्यौता मुद्दा न्यूनीकरण कार्ययोजना, २०७९' कार्यान्वयन ल्याएपछि मुद्दा फछ्र्योट बढेको हो ।

सर्वोच्च अदालतका प्रवक्ता भद्रकाली पोखरेलले भन्नुभयो, "अदालतमा रहेका पुराना र नयाँ मुद्दालाई समेत छिटो फछ्र्योट गर्नका लागि अतिरिक्त समयमा काम गर्ने, समयमै इजलास बस्ने काम भइरहेको छ । अब दैनिक १० वटा इजलास बस्दा योजनाअनुरूप मुद्दा फछ्र्योटमा सहयोग पुग्छ ।" सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित २१ जना न्यायाधीश रहने संवैधानिक व्यवस्था रहेकोमा हाल प्रधानन्यायाधीशसहित २० जना न्यायाधीश हुनुहुन्छ ।

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको लक्ष्यअनुसार मुद्दाको शीघ्र फछ्र्योट गर्न तत्कालीन प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले पुराना मुद्दालाई छिटो फछ्र्योट गर्नका लागि न्यायाधीश तीलप्रसाद श्रेष्ठको संयोजकत्वमा एउटा समिति गठन गर्नुभएको थियो । उक्त समितिमा तत्कालीन नायव महान्यायाधिवक्ता पदमप्रसाद पाण्डेय, नेपाल बार एशोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे र सर्वोच्च बार एशोसिएसनका तत्कालीन अध्यक्ष पूर्णमान शाक्य रहेको समितिले कार्ययोजना बनाई लागू गरेको थियो ।

उक्त कार्ययोजनामा निर्धारित समय ११ बजे इजलास बस्ने र पूरा समय बस्ने परिपाटी अपनाउने तथा सम्बन्धित सरकारी वकिल र कानुन व्यवसायी पनि निर्धारित समयमा इजलासमा उपस्थित हुनुपर्ने उल्लेख थियो । उक्त कार्ययोजनाअनुसार अहिले पनि सर्वोच्च अदालत, उच्च र जिल्ला अदालतमा काम भइरहेको छ ।

उक्त कार्ययोजना लागू भएपछि मुद्दा फछ्र्योटमा ऐतिहासिक सफलता प्राप्त भएको थियो । कार्ययोजना लागू भएपछि पाँच वर्ष नाघेका मुद्दा १२ हजार एक सय ५२ थान फछ्र्योट भएको थियो । तत्कालीन प्रधानन्यायाधीश कार्कीको कार्यकालमा छोटो समयमा आर्थिक वर्ष २०६३/६४ देखिका मुद्दा फछ्र्योटमा १७ वर्ष पुराना मुद्दालाई १३ वर्ष पुरानामा झार्ने काम भएको थियो ।

सर्वोच्च अदालतमा पुराना मुद्दालाई छिटो फछ्र्योट गर्ने कार्ययोजनाअनुसार सर्वोच्चदेखि उच्च र जिल्ला अदालतमा न्यायाधीश रिक्त हुँदा सोचेअनुरूप मुद्दा फछ्र्योट हुन सकेको थिएन । अहिले सर्वोच्च, उच्च र जिल्ला अदालतमा गरेर ७७ जना न्यायाधीश नियुक्ति हुनुभएको छ । सो जनशक्तिले मुद्दा फछ्र्योटमा सहयोग पुग्नेछ ।

पछिल्लो समयमा रिक्त न्यायाधीश पदमध्ये सर्वोच्च अदालतमा छ, उच्च अदालतमा छ मुख्य न्यायाधीश, उच्च अदालतका लागि २७ र जिल्ला न्यायाधीशमा ३८ जना गरी ७७ जना नयाँ न्यायाधीश नियुक्ति हुनुभएको छ ।

सर्वोच्च अदालतका सहरजिस्ट्रार विमल पौडेलले भन्नुभयो, "मुद्दा फछ्र्योटमा न्यायालयले सम्पूर्ण ध्यान दिएको छ । कानुनको शासनको प्रवर्द्धन तथा नागरिकको हकको संरक्षक भएको न्यायालयले सोबमोजिम प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ ।"

सर्वोच्च अदालतमा २०८० साल पुस ८ गते आइतबारसम्मको लगत फछ्र्योटलाई हेर्दा जम्मा मुद्दा जिम्मेवारी सरेको २८ हजार एक सय ४१ र यस वर्ष परेको गरी पाँच हजार तीन सय ७३ गरी ३३ हजार पाँच सय १४ रहेको छ । तीमध्ये पाँच हजार तीन सय ८९ फछ्र्योट भएको छ भने सर्वोच्च अदालतमा २८ हजार एक सय २५ मुद्दा बाँकी छ ।

पाँच वर्ष नाघेका जम्मा पाँच हजार पाँच सय ७० मुद्दा रहेकामा एक हजार दुई सय १३ फछ्र्योट भई बाँकी चार हजार तीन सय ५७ मुद्दा बाँकी छन् । त्यस्तै दुई वर्ष नाघेका मुद्दा १७ हजार दुई सय १७ रहेकामा दुई हजार तीन सय तीन फछ्र्योट भई १५ हजार १४ मुद्दा बाँकी छ ।

सर्वोच्च अदालतमा सबैभन्दा बढी पुनरावेदन पत्र १९ हजार आठ सय २३ रहेकामा एक हजार छ सय २२ फछ्र्योट भई १८ हजार दुई सय एक बाँकी छन् । सबैभन्दा कम बन्दीप्रत्यक्षीकरणका रिट निवेदन दुई




सय २५ रहेकामा एकसय ८६ फछ्र्योट भई २९ बाँकी छन् । उच्च अदालतमा २९ हजार एक सय ४५ र जिल्ला अदालतमा एक लाख २१ हजार नौ सय ५१ थान मुद्दा बाँकी छन् । मुद्दा फछ्र्योटलाई छिटो, पारदर्शी र निष्पक्ष बनाउने उद्देश्यले प्रधानन्यायाधीशबाट तोकिने पेसी गोला प्रक्रियाबाट तोकिने प्रणालीको विकास गरिएको थियो ।

**गोला प्रक्रियाबाट पेसी निर्धारण**

न्यायालयको इतिहासमा प्रधानन्यायाधीशले पेसी तोक्ने प्रणालीको अन्त्य गर्दै २०७८ मङ्सिर १५ गतेदेखि गोला प्रक्रियाबाट पेसी निर्धारण गर्न थालिएको छ । प्रधानन्यायाधीशको चाहनाअनुसारको इजलासमा मुद्दा तोक्ने प्रवृत्तिको अन्त्य, बिचौलिया, भ्रष्टाचारजस्ता विकृति घट्ने अपेक्षा गर्दै मुद्दाको पेसी तोक्दा गोला प्रक्रिया प्रारम्भ गरिएको थियो ।

तत्कालीन न्यायाधीश हरिकृष्ण कार्की संयोजकत्वको समितिले न्यायालय सुधारका लागि अटोमेसन (स्वचालित प्रणाली) बाट पेसी तोक्न सुझावसहितको प्रतिवेदन दिएको थियो । सोही प्रतिवेदनअनुसार गोला प्रक्रियाबाट पेसी तोक्न थालिएको हो । सुरुमा सर्वोच्च अदालतमा गरिएको अभ्यासअनुसार अहिले उच्च र जिल्लामा पनि गोला प्रक्रियाबाट नै पेसी तोकिने व्यवस्था छ । न्यायिक सुशासनका लागि यो एउटा महत्त्वपूर्ण कदमका रूपमा लिइएको छ ।

**सर्वोच्च र उच्च अदालतमा स्वचालित पेसी तारेख**

न्यायिक सुशासनका लागि सर्वोच्च अदालतमा र उच्च अदालतमा स्वचालित पेसी तारेख व्यवस्थापन प्रणाली प्रारम्भ गरिएको छ । सर्वोच्च अदालतमा गत भदौ ११ गतेदेखि उक्त प्रणाली लागू गरिएको थियो । उच्च अदालतमा यही पुस ८ गतेदेखि लागू गरिएको छ । न्यायालयले जिल्ला अदालतमा पनि उक्त प्रणाली लागू गर्न अध्ययन गरिरहेको जनाएको छ ।

अदालतलाई पूर्णरूपमा प्रविधिमैत्री बनाउँदा सहजरूपमा सेवाग्राहीले काम गर्न पाउने, सेवामा गुणस्तरीय, पारदर्शिता र विश्वास बढाउन लागि उक्त प्रणाली अपनाएको सहयोग गर्ने विश्वास लिइएको छ ।

**सर्वोच्चसहित ६ उच्च अदालतमा 'भर्चुअल' सुनुवाइ**

सर्वोच्च अदालतमा कोभिड-१९ को महामारीका समयमा देशभरबाट भर्चुअल सुनुवाइ गर्न थालियो । अहिले ६ वटा उच्च अदालतमा उक्त प्रविधिबाट सुनुवाइ सुरु गरिएको छ । उच्च अदालत दीपायल, इलाम, जुम्ला, महेन्द्रनगर, धनकुटा र हेटौंडामा श्रव्यदृश्यका माध्यमबाट मुद्दाको सुनुवाइ प्रारम्भ गरिएको छ । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले भर्चुअल माध्यमबाट मुद्दाको सुनुवाइ गर्दा समयको बचत हुने, कम खर्चिलो हुने र आमजनतामा न्यायमा पहुँच पुग्ने उद्देश्यले उक्त सुनुवाइ प्रारम्भ अभिव्यक्ति दिनुभएको छ ।

**३८ लाख मुद्दा 'डिजिटलाइजेसन' गरिँदै**

देशभरका अदालतमा ३८ लाखका मुद्दाका मिसिल छन् । उक्त मुद्दालाई सम्बन्धित जिल्लाबाटै स्क्यान गरेर डिजिटलाइसेजन प्रविधिमा राख्ने काम प्रारम्भ भइसकेको छ । सूचना प्रविधिको हिसाबले सूचना प्रविधि महाशाखाको सूचना प्रविधि प्रबन्धक गौरीनाथ कोइरालाले अदालतको अभिलेखालयमा भएको मिसिल डिजिटलाइजेसन प्रक्रिया सुरु भइसकेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "अहिले देशभरिमा जिल्ला र उच्च अदालतका करिब ९० हजार स्क्यान भइसकेको छ, जिल्ला जिल्लाबाटै अभिलेख शाखाबाट काम भइरहेको छ । सबै जिल्ला, उच्च अदालतमा प्रारम्भ भएको छ, अब सर्वोच्चमा पनि चाँडै सुरु हुन्छ, यो प्रक्रियाबाट मुद्दाको नम्बर भएपछि जुनसुकै जिल्लाको मुद्दा जहाँबाट पनि हेर्न सकिन्छ ।"

अहिले जिल्लाको मुद्दाको मिसिल उच्चले र उच्चको मुद्दा सर्वोच्चले मगाउनु र कुर्नुपर्ने अवस्था छ । उक्त प्रविधिबाट जहाँबाट पनि मुद्दाको मिसिल हेर्न सकिन्छ । सूचना प्रविधि शाखाले प्राविधिकरूपमा सहयोग गर्ने काम गरिरहेको छ ।

न्यायमा पहुँच विस्तारमा पहल

न्यायालयले न्यायका उपभोक्तालाई न्यायमा पहुँच पुऱ्याउनका लागि छुट्टै आयोग नै स्थापना गरेर काम गरिरहेको छ । सर्वोच्च अदालतमा रहेको न्यायमा पहुँच आयोगले न्यायमा पहुँच अभिवृद्धिका लागि स्थानीय तहका न्यायिक समिति र अन्य सरोकारवाला निकायको समन्वय गर्ने काम गरिहेको छ ।

न्यायिक निकायमा कार्यरत जनशक्तिलाई सेवाग्राहीसँग गर्नुपर्ने व्यवहारका सम्बन्धमा प्रशिक्षण, अदालतका परिसरमा टेलिभिजन डिस्प्लेमार्फत अदालतबाट प्रदान गरिने सेवासम्बन्धी जानकारी दिने व्यवस्था मिलाउने, सर्वोच्च अदालत परिसरमा सिभी डिस्प्लेको सुरुआत गरिएको छ ।

सर्वोच्च अदालतमा रहेको सूचना तथा सहायता कक्षलाई व्यवस्थित गर्ने काम भइरहेको छ । साथै स्थानीय न्यायिक समितिको काम कारबाहीसम्बन्धी जानकारी पुस्तिका, २०८० तयार गरी प्रकाशन गरेको छ ।

दण्डका सुधारात्मक उपायको कार्यान्वयन

महान्यायाधिवक्ता कार्यालयले अभियोजन र अनुसन्धानमा सुधार गर्न दण्डका सुधारात्मक कार्यान्वयनअन्तर्गत प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८० लाई कार्यान्वयनमा ल्याएको छ । चेक बाउन्सका मुद्दा वाणिज्य र साइबर अपराधका मुद्दाहरू काठमाडौं जिल्ला अदालतमा मात्र गरिने भएकामा अब सबै जिल्ला अदालतबाट हुने भएको छ । सजायमा छुट दिने मागदाबीसम्बन्धी निर्देशिका-२०८० मा साँचो बोल्नेलाई छुट दिने व्यवस्था पनि कार्यान्वयन आएको र चाँडै फैसला गर्नेखालको व्यवस्था गरिएको छ ।

नायव महान्यायाधिवक्ता सञ्जीवराज रेग्मीले भन्नुभयो, "प्रोवेशन, प्यारोलसम्बन्धी कानुन, साँचो बोल्नेलाई सजायमा छुटको व्यवस्था कार्यान्वयनमा आएको छ । बैङ्किङ कसुर र साइबार अपराधसम्बन्धी मुद्दा जिल्ला अदालतबाट हेरिने काम महत्त्वपूर्ण छ ।"

कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड कार्यान्वयन मार्गदर्शन, २०८० र सजायमा छुट दिने मागदाबीसम्बन्धी निर्देशिका, २०८० गत वैशाख २८ गतेदेखि कार्यान्वयनमा आएको छ । त्यस्तै, बहस पैरवी तथा प्रतिरक्षासम्बन्धी निर्देशिका, २०७९ कार्यान्वयनमा आएको छ । उक्त निर्देशिका २०७९ चैत २३ गतेदेखि कार्यान्वयनमा आएको हो ।

न्यायिक सुशासन र सेवाग्राहीलाई न्यायमा पहुँच पुऱ्याउनका लागि मुद्दाको फछ्र्योटलाई तीव्रता दिनुका साथै न्यायालयलाई भ्रष्टाचार र बिचौलियारहित बनाउनका लागि तत्कालीन न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदनलाई कार्यान्वयन गरेर जानुपर्नेमा नेपाल बार एसोसिएसन र सरोकारवाला निकायले जोड दिएका छन् । ***रासस***

# माओ विचारधारा कामदार जनताको मुक्तिको मार्ग

कालीकोट, १५ पुस । नेपाल मजदुर किसान पार्टी शुभकालिका गाउँपालिका वडा नं. ३ को आयोजनामा वडा समितिका अध्यक्ष प्रकाशबहादुर शाहीको अध्यक्षतामा १३० औँ माओ त्सेतुङको जन्म दिवस सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले माओ त्सेतुङ विचारधारा संसारका कामदार जनताको मुक्तिको मार्ग भएको बताउनुभयो । उहाँले आफूलाई कम्युनिस्ट दाबी गर्ने केही शासक दलहरू जनता झुक्याएर आफू सत्तामा जान मात्र माओको तस्बिर झुन्ड्याएको बताउनुभयो ।

उहाँले इजरायली प्रम नेतन्याहुले संयुक्त राष्ट्रसङ्घको महासभामा प्यालेस्टिन नरहने गरी नक्सा सार्वजनिक गरेकै कारण प्यालेस्टिनी जनता र हमासले प्रतिरोध गरेको बताउनुभयो । उहाँले देशका शासक दलहरू अमेरिकी साम्राज्यवादकै दलाल भएका कारण प्यालेस्टिनमाथिको नरसंहारको विरुद्ध आवाज उठाउन नसकेको तर नेपाल मजदुर किसान पार्टीले इजरायली फासीवादको बर्बरताको विरुद्ध आवाज उठाएर आफ्नो अन्तर्राष्ट्रिय कर्तव्य पूरा गरेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय उपाध्यक्ष नरदीप शाहीले माओ त्सेतुङको जीवनीको चर्चा गर्दै माओ एक अध्ययनशील, उच्च मनोबल सरल स्वभाव र आधुनिक चीन निर्माणको आधारशिला भएको बताउनुभयो । उहाँले भन्नुभयो, "कम्युनिस्टहरूले उत्पादनका मुख्यमुख्य साधन र सेवाहरू सामाजिकीकरण गर्ने गर्छन् । देशभित्र योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त गर्छन्; शोषणको अन्य गर्छन् ।"

कार्यक्रममा पार्टी जिल्ला समितिका अध्यक्ष खड्गराज शाही, जिल्ला समिति सदस्य सूर्यबहादुर शाही, नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य जयसरा रोकामगर, शिक्षक तुलाराम धिताललगायतले बोल्नुभएको थियो । सभा सुरु हुनुअगाडि बाजागाजासहित जुलुसले गोठीमुला हुँदै बाचौरसम्म परिक्रमा गरेको थियो ।

*प्रजग...*

योङयाङले गत वर्ष आफूलाई 'अपरिवर्तनीय' आणविक शक्ति घोषणा गरेको थियो । उसले आफ्नो आणविक कार्यक्रम कहिल्यै नछोड्ने बताउँदै आएको थियो ।

संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले उत्तर कोरियाले सन् २००६ मा पहिलो पटक आणविक परीक्षण गरेदेखि नै आणविक र ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रम रोक्न आग्रह गर्दै थुप्रै प्रस्ताव पारित गरिसकेको छ ।

## यात्रालाई सुरक्षित बनाऔं।

- सवारी चढ्दा र ओर्लदा अरुलाई नधकेलौं, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं,
- सवारीसाधनबाट शरिरका अंग बाहिर ननिकालौं,
- चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
- मादक पदार्थ सेवन गरेका चालकलाई सवारीसाधन चलाउन नदिऔं।

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"
श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
Shree Barahi Saving & Credit Co-operative Society Ltd.
ACCESS BRONZE
भुलाँचा-४,भक्तपुर, फोन नं. ६६११३६४

## सूचना

यस संस्थाको रजत वर्ष-२०८० को उपलक्ष्यमा निम्न मिति, समय र स्थानमा देहायका तालिम तथा कार्यक्रम हुने भएकोले इच्छुक सदस्य महानुभावहरूले यथाशीघ्र नाम दर्ता गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

**१.स्याम्पु, हात धुने झोल साबुन, वासिङ्ग मेसिनको झोल साबुन, कोलिङ्ग बनाउने तालिम**
**मिति** : २०८० पुस २१ र २२ गते ।
**समय** : बिहान १०:०० बजेदेखि ।
**स्थान** : श्री बाराही साकोसको तालिम हल ।
**शुल्क** : प्रतिव्यक्ति रु.६००।- मात्र ।
**नाम दर्ता गर्ने अन्तिम मिति** : २०८० पुस १८ गते ।

**२. बाल बचतकर्ता भ्रमण तथा वनभोज कार्यक्रम**
**भ्रमण लग्ने मिति** : २०८० पुस २८ गते, शनिबार ।
**उपस्थित समय** : बिहान ९:३० बजे (संस्थाको प्राङ्गणमा)
**भ्रमण स्थान** : लिखानारायण गुण्डु, भक्तपुर ।
**सहभागिता शुल्क** : रु.२००।- मात्र ।
**नाम दर्ता गर्ने अन्तिम मिति** : २०८० पुस २५ गते ।
**सहभागी** : ५ वर्षदेखिका

## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९४/०१/१५


निधन
२०८०/०९/०४

**काशीबहादुर त्वानाबासु**

भक्तपुर जिल्ला बक्सिङ संघका सल्लाहकार केशव त्वानाबासुका पूजनीय पिता **काशीबहादुर त्वानाबासु**को असामयिक निधन भएको १३ औँ दिनको पुण्यतिथिमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**अध्यक्ष**
**रामकृष्ण प्रजापति**
**भक्तपुर जिल्ला बक्सिङ संघ परिवार**
**र बक्सिङ बचत समूहका सम्पूर्ण साथीहरू**

# हार्दिक समवेदना



**जन्म**
**१९९४/०१/१५**

**निधन**
**२०८०/०९/०४**

**काशीबहादुर त्वानाबासु**

यस हनुमान शक्ति चिम्नी भट्टा उद्योगका प्रोपाइटर तथा जय हनुमान नंखेल महादेव चिम्नी भट्टा उद्योगका सञ्चालक आशाकाजी त्वानाबासुका पूजनीय पिता **काशीबहादुर त्वानाबासु**को स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

## हनुमान शक्ति चिम्नी भट्टा
**तथा**
## जय हनुमान नंखेल महादेव चिम्नी भट्टा

**नंखेल-९, सू.न.पा.**

| | | | |
|---|---|---|---|
| विष्णुभक्त कक्षपति | कल्पना सुवाल | पुण्यलाल मचामसी | सुजन मुनंकर्मी |
| कृष्णप्रसाद गारु | कमलमैयाँ सुवाल | कृष्णभक्त साँद | रामप्रसाद तुल्सीबाख्यो |
| आसकाजी कर्माचार्य | विष्णुप्रसाद सुवाल | अनिल लाखेमरु | सुरेश दुवाल |
| | सम्पूर्ण कर्मचारी परिवार | | प्रसराम वि.क. |

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा